## अध्याय - एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

कुनै पनि भाषापाठ्यपुस्तकको अध्ययन विश्लेषण र मूल्याङ्कन त्यसमा हुनुपर्ने आन्तरिक र बाह्य वा परिधीय विशेषताहरूका आधारमा गर्न सकिन्छ । प्रथमतः पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरूलाई नियालेर हेरिन्छ । यसरी नियालेर हेर्दा प्राप्त भएका सकारात्मक र नकारात्मक पक्षहरूलाई विश्लेषण वा बयान गरिन्छ अनि त्यसै बयान विश्लेषणका आधारमा कुनै पनि तह वा कक्षाका लागि पाठ्यपुस्तक छनोट गर्न सकिन्छ । भाषापाठ्यपुस्तकको बाह्यान्तरिक विशेषताहरूलाई केलाएर अध्ययन विश्लेषण गर्दा पाठ्यपुस्तक, कत्तिको उपयुक्त, व्यावहारिक छ भन्ने कुराको यकिन गर्न सकिन्छ । विद्यार्थीको स्तर, रुचिअनुसार पाठ्यपुस्तक उपयुक्त भए नभएको पत्ता लगाउन पनि बाह्यान्तरिक विशेषता केलाउनु पर्दछ ।

यस अध्ययनमा कक्षा ४ को नेपाली भाषापाठ्यपुस्तकको बाह्यान्तरिक विशेषताका आधारमा विश्लेषण गरिन्छ । भाषापाठ्यपुस्तकको अध्ययन गर्दा बाह्य विशेषता तथा आन्तरिक विशेषतालाई आधार मानेर अध्ययन विश्लेषण गर्नुपर्ने हुन्छ । भाषापाठ्यपुस्तकको बाह्य विशेषतामा स्वरूप/बनोट र आवरण, अक्षराकार, ठाउँ छोडाइ र अन्तराल, छपाइ र बँधाइ, कागजको स्तर, मूल्य र सुलभता पर्दछन् भने आन्तरिक विशेषतामा स्तरगत उपयुक्तताअन्तर्गत पाठ्यवस्तु, शब्दभण्डार, भाषा संरचना, नमुना अभ्यास, चित्र एवम् चित्रवत् सामग्री पर्दछन् भने प्रस्तुतिगत उपयुक्तताअन्तर्गत छनोट र स्तरण पर्दछन् ( पौडेल, २०७५:४२४) । यिनै विशेषताहरूलाई आधार मानेर यो अध्ययनमा पाठ्यपुस्तकको विश्लेषण गरिन्छ ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आवश्यकता परिपूर्तिका निम्ति तयार पारिएको छ ।

### १.२ समस्या कथन

नेपाल भूगोलमा सानो राष्ट्र भएतापनि बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक राष्ट्र हो । नेपालमा पाँच परिवारका भाषाहरू बोलिन्छन् (न्यौपाने, २०७६ : १२९) । नेपाली भाषा

अन्य भाषा बोल्ने नेपालीहरूका बिच सम्पर्क भाषाका रूपमा रहेको छ । मानिसले विभिन्न ज्ञान, सिप आदि कुराहरू भाषा कै माध्यमबाट सिक्दछन् । भाषालाई सबल र सक्षम बनाउने क्रममा विद्यालय तहदेखि अनिवार्य रूपमा अध्ययन अध्यापन भइरहेको पाइन्छ भने उच्च शिक्षाको अध्यापनमा अनिवार्य वा ऐच्छिक दुवै विषयका रूपमा समावेश गरिएको छ ।

पाठ्यपुस्तक विभिन्न विशेषताहरूले भरिपूर्ण हुनुपर्दछ । पाठ्यपुस्तक विद्यार्थीका लागि कुनै निश्चित ज्ञान, सिप प्राप्तिका सम्बन्धमा तोकिएका विषयको समावेश गरिएको हुन्छ । भाषापाठ्यपुस्तक आन्तरिक र बाह्य विशेषताले युक्त भएमा मात्र उपयोगी हुने गर्दछ । यस अध्ययनमा कक्षा ४ को नेपाली भाषापाठ्यपुस्तक आन्तरिक विशेषताले भरिपूर्ण रहे नरहेको पत्ता लगाउने प्रयास गरिन्छ । आन्तरिक विशेषताले भरिपूर्ण भए कति मात्रामा भरिपूर्ण छ ? त्यसले विद्यार्थी तथा सम्पूर्ण शिक्षासँग सम्बन्धित पक्षलाई फाइदा पुग्छ पुग्दैन ? अध्ययन गर्नुपर्दछ । त्यस्तैगरी बाह्य बिशेषताले युक्त छ छैन ? नभए केके कुराको कमी रहेको छ ? ती सम्पूर्ण कुराहरूलाई अध्ययन गरेर एउटा उचित निष्कर्षमा पुग्न यो अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :-

क) कक्षा ४ को नेपाली भाषापाठ्यपुस्तक (२०७५) बाह्य विशेषताका आधारमा कस्तो छ ?

ख)उक्त पाठ्यपुस्तक आन्तरिक विशेषताका आधारमा कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्य निम्नानुसार रहेका छन् :-

क) कक्षा ४ को नेपाली भाषापाठ्यपुस्तक (२०७५) बाह्य विशेषताका आधारमा विश्लेषण गर्नु र

ख) उक्त पाठ्यपुस्तकलाई आन्तरिक विशेषताका आधारमा विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य र महŒव

कक्षा ४ को मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन भएको पाइदैन । यसले गर्दा पाठ्यपुस्तकको समग्रताको अध्ययन हुन नसकेको कारणले गर्दा सम्बन्धित क्षेत्रमा विभिन्न बाधा र व्यावधानहरू सिर्जना भएको देखिन्छ । प्रस्तुत अध्ययनमा कक्षा ४ का निम्ति यो पाठ्यपुस्तक कतिको उपयोगी छ ? पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा

कस्तो छ ? भन्ने सम्बन्धमा अध्ययन गरिएको छ । यो शोधपत्र सम्बद्ध शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक लेखक, अनुसन्धानकर्ताका लागि उपयोगी हुने देखिन्छ ।

कक्षा ४ को मेरो नेपाली किताबको (२०७५) बाह्यान्तरिक विशेषताका आधारमा विश्लेषण भएपछि पाठ्यपुस्तक निर्माण कर्तालाई पाठ्यपुस्तकमा कुन विधा कहाँ राख्नुपर्ने ? विधाहरूको क्रम कस्तो हुनुपर्ने ? शब्दभण्डारको ज्ञान कति बढाउनु पर्ने ? पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्ष कस्तो हुने ? भन्ने कुरामा सहयोग पुग्छ । शिक्षकहरूलाई पाठ्यपुस्तकमा भएका कमिकमजोरीहरू पत्ता लगाउन सहज हुनेछ । पाठ्यपुस्तकको सबल र दुर्बल पक्ष छुट्याउन सहयोग पुग्नेछ । कक्षा ३ को पाठ्यपुस्तक समग्र रूपमा के कस्तो छ पत्ता लगाउन अभिभावक र शिक्षकलाई सहज हुनेछ । शोधकार्य सम्पन्न भएपछि सम्बन्धित पक्षले पाठ्यपुस्तकमा सुधार ल्याउने भएकाले विद्यार्थीको चाहना स्तर मनोवैज्ञानिक पक्षको ख्याल गरेर पाठ्यपुस्तक निर्माण हुँदा विद्यार्थीहरूलाई सहयोग पुग्नेछ ।

यस कारणले गर्दा यो शोधकार्य सम्पन्न भएपछि पाठ्यक्रमविद् पाठ्यपुस्तक लेखक, शिक्षक, विद्यार्थी, अभिभावक, अनुसन्धानकर्ता र पाठ्यपुस्तकको शुभ चिन्तकका लागि उपयोगी हुने देखिन्छ ।

### १.५ अध्ययनको सीमा

प्रस्तुत अनुसन्धान कार्य भाषापाठ्यपुस्तकको विश्लेषणसँग सम्बन्धित छ । कक्षा ४ को मेरो नेपाली (२०७५) को आन्तरिक र बाह्य पक्षमा मात्र सीमित रहेर यो अध्ययन गरिएको छ । आन्तरिक पक्षअर्न्तगत पाठ्यवस्तु, शब्दभण्डार, भाषा संरचना, नमुना अभ्यास चित्र एवम् चित्रवत् सामग्री, छनोट, स्तरण र बाह्य पक्षअर्न्तगत स्वरूप/बनोट र आवरण, अक्षराकार, ठाउँ छोडाइ र अन्तराल, छपाइ र बँधाइ, कागतको स्तर, मूल्य र सुलभतामा यो अनुसन्धान कार्य सीमित रहेको छ ।

### १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :-

अध्याय - एक शोध परिचय

अध्याय - दुई पूर्वकार्यको समीक्षात्मक तथा धारणात्मक संरचना

अध्याय - तिन अध्ययनको प्रक्रिया विधि

अध्याय - चार	नतिजा/परिणाम र छलफल

अध्याय - पाँच	निष्कर्ष, सुझाव तथा उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय-दुई

# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

नेपाली भाषापाठ्यपुस्तकका बारेमा यस भन्दा पूर्व के कस्ता अनुसन्धानहरू भएका छन् भन्ने बारेमा उपलब्ध भएअनुसार ती प्राप्त भएका अध्ययन मध्ये केहीलाई यहाँ सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

फुयाँल (२०६२) द्वारा **कक्षा ८ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन** विषयक शोधकार्य सम्पन्न गरेको पाइयो । शोधकार्यको समस्याको रूपमा निम्नमाध्यामिक तहको भाषापाठ्यक्रमअनुरूप वर्तमान पाठ्यपुस्तक हाम्रो नेपाली किताब छ वा छैन ?, असल पाठ्यपुस्तकमा हुनुपर्ने विशेषताहरू हाम्रो नेपाली किताबमा के कति समाविष्ट छन् ? कक्षा ८ को हाम्रो नेपाली किताबबाट पाठ्यक्रमका के कस्ता उद्देश्य पूरा हुन सक्छन ? प्रस्तुत पाठ्यपुस्तकमा के कस्ता कमिकमजोरीहरू रहेका छन् र तिनको निराकरण गर्न के कस्ता सुधार गर्नु आवश्यक देखिन्छ ? भनी राखिएको छ । शोधकार्यको उद्देश्यको रूपमा पाठ्यक्रम अनुरूपताका आधारमा हाम्रो नेपाली किताबको विश्लेषण गर्नु, भाषापाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताका आधारमा उक्त पाठ्यपुस्तकको विश्लेषण गर्नु, उक्त पाठ्यपुस्तकको सबल र दुर्बल पक्ष पहिल्याउनु, उक्त पाठ्यपुस्तकको सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । पुस्तकालयीय विश्लेषणात्मक विधिको प्रयोग गरी अभ्यासहरू विद्यार्थीको सिर्जनात्मक क्षमताको अभिवृद्धि गर्ने खालका नभइ ज्ञानात्मक र सिपपरक प्रकृतिका छन् । प्रबन्ध, कविता, कथा विधाहरूको रखाइक्रम मिलेको पाइँदैन । शब्दभण्डारको प्रयोग पाठ्यपुस्तकमा प्रशस्त मात्रा मै गरिएको भएतापनि यस सम्बन्धी अभ्यास कम रहेको, आन्तरिक र बाह्य विशेषताका आधारमा पूर्ण रूपमा सबल नरहेको, कागतको स्तर, बँधाइ उपयुक्त नरहेको कमजोरी देखिन्छ भनी निष्कर्ष निकालिएको छ । पाठ्यपुस्तकमा विधाहरूको रखाइक्रमलाई सन्तुलित बनाउनुपर्ने, पाठ्यपुस्तकमा शब्दभण्डार सम्बन्धी अभ्यासलाई थप गरिनु पर्दछ, उपयुक्त कागतको प्रयोग गरिनुपर्ने, बँधाइ राम्ररी उपयुक्त तवरले गरिनु पर्ने सुझाव दिएको पाइन्छ ।

कार्की (२०६२) द्वारा **भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तक मूल्याङ्कनका आधारमा कक्षा दुई को मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन** विषयक शोधकार्य गरेको पाइयो ।

शोधकार्यको समस्याको रूपमा कक्षा दुईको मेरो नेपाली किताब प्राथमिक नेपाली पाठ्यक्रमअनुरूप छ कि छैन् ? कक्षा दुईको मेरो नेपाली किताब भाषापाठ्यपुस्तकमा हुनुपर्ने गुणको आधारमा निर्मित छ, कि छैन ? र कक्षा दुईको नेपाली पाठ्यक्रम २०४९ कस्तो छ ? भनी राखिएको छ । शोधकार्यको उद्देश्यका रूपमा कक्षा दुईको मेरो नेपाली किताबलाई प्राथमिक पाठ्यक्रमअनुरूपताका दृष्टिले अध्ययन गर्नु, गुणका आधारमा अध्ययन गर्नु, नेपाली पाठ्यक्रम, २०४९ को सामान्य अध्ययन गर्नु रहेको छ । पुस्तकालयीय र विश्लेषणात्मक विधिको प्रयोग गरी विद्यार्थीको स्तर क्षमता र रुचिलाई समेट्ने खालका विषयवस्तुमा ध्यान दिन अझै बाँकी रहेको, चित्र रङ्गिन हुन नसकेको, नेपाली पढ्ने विद्यार्थीका निम्ति शब्दार्थ एकदमै कम रहेको निष्कर्ष निकालिएको छ । विषयवस्तुको बोधगम्यता थप गनुपर्ने, चित्रहरू स्पष्ट, चम्किला र रङ्गिन बनाउनु पर्ने, दुर्बोध्य भाषाशैलीलाई  निरुत्साहित गर्नु पर्ने भनी सुझाव दिएको पाइयो ।

सापकोटा (२०६७) द्वारा **कक्षा सातको नयाँ नेपाली शृङ्खलाको विश्लेषणात्मक अध्ययन** विषयक शोधकार्य सम्पन्न गरेको पाइयो । शोधकार्यको समस्याको रूपमा नि.मा.वि तहको भाषापाठ्यक्रमअनुरूप कक्षा ७ को नयाँ नेपाली शृङ्खला छ, छैन ? असल पाठ्यपुस्तक ( पाठ्यसामग्री) मा हुनुपर्ने के कस्ता विशेषताहरू नयाँ नेपाली शृङ्खलामा समाविष्ट छन् ? कक्षा ७ नयाँ नेपाली शृङ्खलाद्वारा पाठ्यक्रमका के कस्ता उद्देश्य पूरा हुन सक्छन् ? र यस पाठ्यपुस्तकमा के कस्ता कमजोरीहरू रहेका छन् अनुसन्धान गरी तिनको निराकरण गर्न के कस्ता सुधार गर्नु आवश्यक देखिन्छ ? भनी राखिएको छ । शोधकार्यको उद्देश्यको रूपमा पाठ्यक्रमअनुरूपताका आधारमा नयाँ नेपाली शृङ्खलाको विश्लेषण गर्नु, भाषापाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा उक्त पाठ्यपुस्तकको विश्लेषण गर्नु, नयाँ नेपाली शृङ्खलाको सबल र दुर्बल पक्ष पहिल्याउनु, र प्राप्त निष्कर्षका आधारमा उक्त पाठ्यपुस्तकको सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । पुस्तकालयीय विश्लेषणात्मक विधिको प्रयोग गरी कवितामा लोकलय, कथामा पौराणिक/ऐतिहासिक नीति कथा, जीवनीमा आविष्कारक र निबन्ध/ प्रबन्धमा, वैज्ञानिक/ प्राविधिक र कलात्मक विषयवस्तुलाई समेट्न नसकेको, व्याकरणलाई अभ्यासभित्र समावेश गरिएको तर पर्याप्तता भने नभएको, चित्रको प्रयोग पाठ्यपुस्तकमा कम भएको पाठ्यपुस्तकमा वर्णविन्यासगत त्रुटिहरू प्रशस्त मात्रामा रहेको, पूर्ण पाठ्यक्रमअनुरूप विधागत पाठहरूको प्रस्तुति गरिनु

पर्ने, विधाको क्षेत्र, क्रम र पाठहरू पाठ्यक्रमअनुरूप राखिनुपर्ने, अभ्यासको प्रयोग पाठ्यक्रम अनुरूप गरिनुपर्ने, चिठीमा खामको नमुना राखिनु पर्ने सुझाव दिएको पाइन्छ ।

श्रेष्ठ (२०६८) द्वारा **कक्षा दुईको मेरो नेपाली किताबको विश्लेषण** विषयक शोधकार्य सम्पन्न गरेको पाइयो । शोधकार्यको समस्याको रूपमा कक्षा दुईको मेरो नेपाली किताब पाठ्यक्रम अनुरूप छ वा छैन् ? असल पाठ्यपुस्तकमा हुनुपर्ने के कस्ता विशेषताहरू मेरो नेपाली किताबमा समाविष्ट छन् ? उक्त पाठ्यपुस्तकमा के कस्ता सबल र दुर्बल पक्षहरू रहेका छन् ? र उक्त पाठ्यपुस्तकमा रहेका कमजोरीहरूको निराकरण गर्न के कस्ता उपाय अपनाउन सकिन्छ ? भनी राखिएको छ । शोधकार्यको उद्देश्यको रूपमा पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा दुईको मेरो नेपाली किताबको विश्लेषण गर्नु, भाषापाठ्यपुस्तकका बाह्य पक्ष र आन्तरिक पक्षका आधारमा उक्त पाठ्यपुस्तकको विश्लेषण गर्नु, उक्त पाठ्यपुस्तकका बाह्य पक्ष र आन्तरिक पक्षका आधारमा उक्त पाठ्यपुस्तकको विश्लेषण गर्नु, उक्त पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष पहिल्याउनु र उक्त पाठ्यपुस्तकको सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । पुस्तकालयीय विश्लेषणात्मक विधिको प्रयोग गरी पाठ्यक्रमले निर्दिष्ट गरेको सम्पूर्ण उद्देश्य परिपूर्ति गर्ने किसिमका अभ्यास पर्याप्त मात्रामा नभएको विषयवस्तु विद्यार्थीको रुचिअनुसार नै रहेका पाठ्यपुस्तकको प्रत्येक पाठपछि दिइने नमुना अभ्यासको समानुपातिक वितरण नभएको, विषयवस्तुहरू सरलदेखि जटिलताको क्रममा स्तरण गरिएको पाठ्यपुस्तकको चित्रहरूमा वस्तुअनुसारका रङ्गको प्रयोग नगरिएको, पाठ्यपुस्तकको आवरण पृष्ठमा बलियो कागतको प्रयोग नगरिएकाले टिकाउ नहुने देखिएको आदि निष्कर्ष निकालिएको छ । पाठ्यक्रमले निर्दिष्ट गरेका सम्पूर्ण उद्देश्यहरू परिपूर्तिका लागि अभ्यासहरू थप गरिनुपर्ने, विषयवस्तु सुहाउँदो आवश्यक र स्पष्ट चित्रहरूको प्रयोग गर्नुपर्ने, उद्देश्य प्राप्तिका लागि उचित नमुना अभ्यासहरू राखिनु पर्ने, पुस्तकको छनोट र स्तर निर्धारण गर्दा विद्यार्थीहरूका पूर्व अनुभव, उमेर, क्षमता, स्तर, आवश्यकता र रुचि आदिमा ध्यान दिनुपर्ने, पाठ्यपुस्तकको बँधाइ अझ बलियो बनाउनु पर्ने, आवरण पृष्ठमा प्रयोग गरिएको कागत बाक्लो, बलियो, प्लाष्टिक कोटेड बनाउनु पर्ने भनी सुझाव दिएको पाइन्छ ।

ओझा (२०७२) द्वारा **हाम्रो नेपाली किताब र रसिलो नेपाली किताबको तुलनात्मक अध्ययन** विषयक शोधकार्य सम्पन्न गरेको पाइयो । शोधकार्यको समस्याको रूपमा हाम्रो नेपाली किताब र रसिलो नेपाली किताब पाठ्यक्रमअनुरूप छन्, छैनन्  ? नमुना अभ्यासका

आधारमा पाठ्यपुस्तक उपयुक्त छन् कि छैनन् ? यी दुई पाठ्यपुस्तकमा पाठ्यक्रम र नमुना अभ्यासका आधारमा सबल र दुर्बल पक्षहरू केके हुन् ? यी दुई पाठ्यपुस्तकमा पाठ्यक्रम र नमुना अभ्यासका आधारमा समानता र असमानता केके छन् ? भनी राखिएको छ । शोधकार्यको उद्देश्यको रूपमा हाम्रो नेपाली किताब र रसिलो नेपाली किताब पाठ्यक्रमअनुरूपताका आधारमा भए नभएको पत्ता लगाउनु, नमुना अभ्यासका आधारमा पाठ्यपुस्तक उपयुक्त भए नभएको पत्ता लगाउनु, यी दुई पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष पत्ता लगाउनु, यिनीहरूमा भएका समानता र असमानता पत्ता लगाउनु रहेको छ । तुलनात्मक विधिको प्रयोग गरी दुवै पाठ्यपुस्तक पूर्व पाठ्यक्रमको प्रयोग नभएको, नमुना अभ्यासमा एक वाक्यात्मक प्रश्नलाई बढी समावेश गरिएको, मौखिक अभिव्यक्ति दिने प्रश्नहरूको सङ्ख्यामा कमी रहेको, निबन्धलाई भन्दा प्रबन्धलाई जोड दिइएको, सम्पूर्ण पक्षलाई हेर्दा रसिलो नेपाली किताबभन्दा हाम्रो नेपाली किताब केही उपयोगी रहेको निष्कर्ष निकालिएको छ । पाठ्यक्रमको राम्ररी अध्ययन गरेर सोहीअनुसार पाठ्यपुस्तक निर्माण गनुपर्ने, चिठी विधामा घरायसी र कार्यालयीय चिठी हुनुपर्नेमा दुवै प्रकारका चिठी समावेश नगरिएकाले दुवै प्रकारका चिठी समावेश गर्नुपर्ने, विद्यार्थीको रुचि, स्तर र उमेरलाई ख्याल गरी पाठ एवम् नमुना अभ्यास राख्नु पर्ने, निबन्ध/ प्रबन्ध दुवैलाई समान ढङ्गले राख्नु पर्ने आदि सुझाव दिएको पाइन्छ ।

ढकाल (२०७२) द्वारा **कक्षा दुई को मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन** विषयक शोधकार्य गरेको पाइयो । शोधकार्यको समस्याको रूपमा पाठ्यपुस्तकको आन्तरिक पक्ष कस्तो छ ? पाठ्यपुस्तकको बाह्य पक्ष कस्तो छ ? भनी राखिएको पाइन्छ । शोध कार्यको उद्देश्यका रूपमा पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्षको आधारमा कक्षा २ को नेपाली किताबको अध्ययन गर्नु रहेको छ । पुस्तकालयीय खोज विधिको प्रयोग गरी शब्दार्थ एकदमै कम रहेको, आवरण पृष्ठ र बँधाइ दुवै कमजोर, कागत अलि कमजोर र पातलो रहेको, पाठ्यपुस्तकको मूल्य नतोकिएको आदि निष्कर्ष निकालिएको छ । पाठ्यपुस्तकको बँधाइलाई पाठ्यपुस्तकको निर्माण संस्थाले बलियो बनाउन आवश्यक रहेको कागत सफा र बाक्लो बनाउन आवश्यक रहेको आदि सुझाव दिनु यस शोधकार्यको सबल पक्ष रहेको छ ।

पौडेल (२०७३) द्वारा **प्रयोगिक भाषाविज्ञानका प्रमुख आयामहरू** भन्ने पाठ्यपुस्तकमा भाषापाठ्यपुस्तकका बाह्यान्तरिक विशेषताको विस्तृत रूपमा चर्चा गरिएको पाइन्छ । बाह्य विशेषता भित्र बनोट, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागतको स्तर, मूल्य र

सुलभता पर्दछन् भने आन्तरिक विशेषतामा स्तरगत उपयुक्तता भित्र विषयवस्तु वा पाठ्यवस्तु, शब्दभण्डार, भाषा संरचना, अभ्यास, चित्र पर्दछन् भने प्रस्तुतिगत उपयुत्तता भित्र छनोट, स्तरण पर्दछन् भनी विस्तृत चर्चा गरेका छन् ।

ढकाल (२०७३) द्वारा **प्रयोगिक भाषा विज्ञानका प्रमुख आयामहरू** भन्ने पाठ्यपुस्तकमा भाषापाठ्यपुस्तकका बाह्यान्तरिक विशेषताको विस्तृत रूपमा चर्चा गरिएको पाइन्छ । यस पाठ्यपुस्तकमा भाषापाठ्यपुस्तकको आन्तरिक विशेषताको साथै बाह्य विशेषताको चर्चा गरिएको छ । त्यसैगरी यस पाठ्यपुस्तकमा माध्यमिक शिक्षा पाठ्यक्रम (२०६४) मा आधारित कक्षा नौ को भाषापाठ्यपुस्तकको अध्ययन विश्लेषण गरिएको छ । त्यसैगरी माध्यामिक शिक्षा पाठ्यक्रम २०६४ मा आधारित कक्षा १० को भाषापाठ्यपुस्तकको अध्ययन विश्लेषण आन्तरिक र बाह्य विशेषताको आधारमा गरिएको छ ।

विष्ट (२०७४) द्वारा **कक्षा ३ को मेरो नेपाली किताब र हाम्रो सजिलो नेपाली किताबको बिच तुलनात्मक अध्ययन** विषयक शोधकार्य गरेको पाइयो । शोधकार्यको समस्याका रूपमा कक्षा तिनको मेरो नेपाली र हाम्रो सजिलो नेपाली पाठ्यपुस्तक बिच आन्तरिक र बाह्य पक्षहरू के कस्ता छन् ? मेरो र हाम्रो सजिलो नेपाली दुई पाठ्यपुस्तकमा के कस्ता सबल र दुर्बल पक्षहरू रहेका छन् ? र ती पाठ्यपुस्तकमा देखिएका अवगुणहरू निराकरणका लागि के कस्ता उपायहरू सुझाउन सकिन्छ भनी राखिएको पाइन्छ । शोधकार्यका उद्देश्यका रूपमा आन्तरिक र बाह्य विशेषताका आधारमा कक्षा तिनको मेरो नेपाली पाठ्यपुस्तक र हाम्रो सजिलो नेपाली पाठ्यपुस्तकको अध्ययन गर्नु, पाठ्यपुस्तकका सबल र दुर्बल पक्षहरू पत्ता लगाउनु र ती पाठ्यपुस्तकमा देखिने दुर्बल पक्षहरू निराकरणका लागि उपायहरू प्रस्तुत गर्नु रहेको छ । पुस्तकालयीय वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी आवरण, कागतको गुणस्तर, मसीको प्रयोग, छपाइ, बँधाइ जस्ता विशेषताहरू मेरो सजिलो नेपालीमा उपयुक्त रहेको र आन्तरिक पक्षका विधिको छनोट तथा क्षेत्रगत विविधता, पाठको प्रस्तुतीकरण, भाषा, शब्दभण्डार आदिले नेपाली पाठ्यपुस्तक उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । मेरो नेपाली किताब पाठ्यपुस्तकको बाहिरी आवरण पृष्ठलाई बलियो बनाउनु पर्ने, पाठ्यपुस्तकमा प्रयोग भएको कागत सफा र बाक्लो बनाउनु पर्ने, शब्द र तिनीहरूको अर्थ अभ्यासका रूपमा नदिइ सहज रूपमा दिनुपर्ने सुझावहरू यस शोधकार्यमा दिइएको पाइन्छ ।

सुवेदी (२०७४) द्वारा **पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा दसको नेपाली पाठ्यपुस्तकको अध्ययन** विषयक शोधकार्य गरेको पाइयो । शोधकार्यको समस्याको रूपमा कक्षा दसको नेपाली पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप छ कि छैन ? पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधागत पाठहरू पाठ्यक्रमका क्षेत्र र कमका आधारमा राखिएका छन् वा छैनन् ? आन्तरिक र बाह्य आधारमा पाठ्यपुस्तक उपयुक्त छन् वा छैनन् ? कक्षा दसको नेपाली पाठ्यपुस्तकको कमजोरी सुधारका लागि केके सुझावहरू हुन सक्दछन् ? भनी राखिएको छ । शोधकार्यको उद्देश्यको रूपमा पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा दसको नेपाली पाठ्यपुस्तकको अध्ययन गर्नु, पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधागत पाठहरू, पाठ्यक्रमका क्षेत्र र क्रमअनुरूपताका आधारमा पाठ्यपुस्तकको विश्लेषण गर्नु, कक्षा दसको नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकका कमजोरीहरूको पहिचान गरी सुधारका लागि सुझाव दिनु रहेको छ । पुस्तकालयीय विश्लेषणात्मक विधिको प्रयोग गरी पाठ्यपुस्तकमा भाषाका चारै सिपहरूलाई सन्तुलित गर्न खोजिएतापनि अपूर्ण नै रहेको, पाठ्यपुस्तकमा राखिएका पाठहरूको आकृति, प्रकृति हेर्दा स्तर, तह र उमेर सुहाउँदा व्यावहारिक र रमाइला रहेका, नमुना अभ्यासहरू उपयुक्त नै रहेका, कागतको स्तर उपयुक्त नभएको, मूल्य उपयूक्त भएतापनि सुलभताका दृष्टिले उपयुक्त नरहेको, चित्रको रखाइक्रम नमिलेको आदि निष्कर्ष निकालिएको छ । पाठ्यवस्तु छनोट गर्दा विद्यार्थीको रुचि, आवश्यकता, उमेर, स्तर, भाषिक पृष्ठभूमि तथा सामाजिक र मनोवैज्ञानिक आदि पक्षलाई ध्यान दिएर मात्र छनोट गर्नुपर्ने,पाठ्यपुस्तकले पाठ्यक्रमको वास्तविक भावना र उद्देश्यलाई आत्मसात् गर्नुपर्ने, भाषाका चारै सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई सन्तुलित रूपमा समावेश गर्न सक्नुपर्ने आदि सुझाव दिएको पाइन्छ ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

माथि उल्लेखित शोधपत्रहरू र पुस्तकहरूको समीक्षाको आधारमा यस विषयसँग सम्बन्धित अनुसन्धान तथा लेखहरूमा पाठ्यपुस्तक विश्लेषणसम्बन्धी भनिएका कुरालाई सङ्क्षिप्त रूपमा चर्चा गरियो । यस विषयमा उल्लेखित अध्ययनहरूले प्रस्तुत शोधकार्य सम्पन्न गर्न सहयोग पुऱ्याएका छन् । यस्तै कारणले पूर्वकार्यहरूको उपयोगिता र कार्यान्वयन भएको छ । प्रस्तुत शोधकार्य वर्णनात्मक, विश्लेषणात्मक र पुस्तकालयीय विधि अपनाई गरिएको वैध र विश्वसनीय छ । माथि उल्लेखित अध्ययनहरूको उद्देश्य, निष्कर्षमा र मुख्य भागमा भाषा पाठ्यपुस्तकको परिचय, महŒव, यसको प्रयोग, आवश्यकता यसमा हुनुपर्ने गुणका बारेमा

केन्द्रित रहेको पाइयो । प्राथमिक तहको कक्षा ३ को नेपाली भाषापाठ्यपुस्तकको अवस्था यसमा भएका कमिकमजोरी यसको आन्तरिक र बाह्य पक्षका सम्बन्धमा उक्त अध्ययनहरू गौण रहेका छन् । अतः यस अध्ययन पूर्व भएका कार्यहरूलाई जगका रूपमा लिदै प्रस्तुत शीर्षकमा अध्ययन गर्नु आवश्यक ठानिएको छ ।

## २.३ सैद्धान्तिक/धारणात्मक संरचना

### २.३.१ भाषापाठ्यपुस्तकको परिचय

कुनै पनि पाठ्यपुस्तकहरू सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरूप तयार गरिएका हुन्छन् । भाषापाठ्यक्रम भाषाशिक्षण सिकाइको सैद्धान्तिक कार्यकलाप वा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषापाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, संवेगात्मक, बौद्धिक पक्षका साथै रुचि, आवश्यकता र सिकाइ प्रवृत्तिलाई समेत ख्याल गरी मनोवैज्ञानिक सिकाइ अनुक्रममा तयार गरिएको हुन्छ । यसले विद्यार्थीहरूलाई दोहोऱ्याएर पढ्न, अभ्यास गर्न, गृहकार्य गर्न, कक्षा कार्यकलाप प्रभावकारी बनाउने र स्वाध्ययन गरेर सिक्न समेत महŒवपूर्ण सघाउ पुऱ्याउँदछ (पौडेल, २०७३ :२६३) ।

भाषापाठ्यपुस्तक के हो ? भन्ने सन्दर्भमा विभिन्न मतहरू अभिव्यक्त भएका पाइन्छन् । भाषापाठ्यपुस्तकका परिभाषाका सम्बन्धमा केही विद्वानहरूको अभिव्यक्ति निम्नानुसार रहेको पाइन्छ :-

गुड (१९५९ :५६७-६८) का अनुसार पाठ्यपुस्तक भनेको कुनै निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने मुख्य अध्ययन स्रोत सामग्री हो (ढकाल, २०७३ :२२४) ।

बेकन र ह्यारिस् (१९६० :१५१६) का अनुसार भाषापाठ्यपुस्तक भनेको विशेषज्ञहरूद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रिया अँगाली सर्तकतापूर्वक तयार गरिएको कक्षा कोठाको प्रयोग सामग्री हो (ढकाल, २०७३ :२२५) ।

अधिकारी र शर्मा (२०५७ :२३) का अनुसार पाठ्यक्रममा आधारित रहेर तयार पारिने पुस्तक नै पाठ्यपुस्तक हो ।

बृहत् नेपाली शब्दकोश (२०५२ :८१०) का अनुसार विद्यालयमा विद्यार्थीहरूलाई औपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो ।

माथिका परिभाषाको आधारमा के भन्न सकिन्छ भने पाठ्यपुस्तक औपचारिक र अनौपचारिक दुवै किसिमको शिक्षाका लागि आवश्यक सामग्री हो । यो कुनै खास विषयमा लेखिएको हुन्छ र सम्बन्धित विषयका उद्देश्यहरू हाँसिल गर्ने क्रममा यसको उपयोग गरिन्छ ।

भाषापाठ्यपुस्तकका बाह्य वा परिधीय र आन्तरिक गरी विश्लेषणका दुई आधार हुन्छन् । आन्तरिक आधारअन्तर्गत पाठ्यवस्तु, शब्दभण्डार, भाषा, नमुना अभ्यास, चित्रहरू पर्दछन् भने बाह्य आधारअर्न्तगत बनोट, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागतको स्तर मूल्य, सुलभता जस्ता कुराहरू पर्दछन्  (ढकाल, २०७३ :२४०) ।

माथिका परिभाषाहरूका आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने पाठ्यपुस्तक भन्नाले पाठ्यक्रमले तोकेका उद्देश्य पूरा गर्ने साधन हो । पाठ्यपुस्तकमा विद्यार्थीका रुचि, क्षमताका आधारमा विषयवस्तुहरू प्रस्तुत गरिएका हुन्छन् ।

### २.३.२ भाषापाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारहरू :-

कुनै पनि भाषापाठ्यपुस्तकको अध्ययन, विश्लेषण र मूल्याङ्कन त्यसमा हुनुपर्ने आन्तरिक र बाह्य वा परिधीय विशेषताहरूका आधारमा गर्न सकिन्छ । प्रथमतः पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरूलाई नियालेर हेरिन्छ । यसरी नियालेर हेर्दा प्राप्त भएका सकारात्मक वा नकारात्मक पक्षहरूलाई विश्लेषण र बयान गरिन्छ अनि त्यसै बयान विश्लेषणका आधारमा कुनै पनि तह वा कक्षाका लागि पाठ्यपुस्तक छनोट गर्न सकिन्छ अथवा त्यो सम्बन्धित तह वा कक्षाका निम्ति उपयुक्त छ वा छैन भन्ने बारेमा निर्णय गर्न सकिन्छ (पौडेल, २०७३:२८५) । यो दृष्टिले भाषापाठ्यपुस्तकको अध्ययन, विश्लेषण र मूल्याङ्कनका लागि चाहिने आधारहरूको सङ्क्षेपमा वर्णन यसप्रकार गरिएको छ ।

#### २.३.२.१ बाह्य आधार

बाह्य आधारअर्न्तगत पाठ्यपुस्तकको बनोट, आकार प्रकार, मोटाइ, छपाइ, बँधाइ, अक्षराकार, ठाउँ छोडाइ, कागतको स्तर, मूल्य, सुलभता र अन्य विविध कुराहरू कति उपयुक्त छन् भन्ने कुराको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिन्छ अनि त्यसै मूल्याङ्कनलाई पाठ्य छनोटको पनि आधार बनाइन्छ  (पौडेल, २०७३:२८५) ।

बाह्य आधारअर्न्तगत पर्ने कुराहरूलाई निम्नानुसार चर्चा गरिन्छ :-

### २.३.२.१.१ बनोट

पाठ्यपुस्तकको आवरण र आकार प्रकारलाई बनोट भनिन्छ । कम्तीमा एक शैक्षिक सत्रसम्म टिकाउ होस् भन्ने दृष्टिले बाक्लो र बलियो कागतको आवरण पृष्ठ हुनु जरुरी हुन्छ । सकेसम्म आवरण पृष्ठ पानी कागतले मोरेको, आकर्षक र रङ्गिन हुनुपर्छ । सबै विषयका पाठ्यपुस्तकमध्ये भाषा कै पुस्तक पाठकले सबैभन्दा पहिलो छनोट गर्न सक्ने किसिमको आकर्षक चित्र वा चित्रावलीद्वारा सजाइएको हुनु पनि जरुरी छ । पाठ्यपुस्तकको आकार पनि झोलामा बोक्न मिल्ने खालको हुनुपर्छ । दैनिक सातओटा घन्टीको सातओटा पुस्तक र साथमा सातैओटा कापी बोक्दा भारी भएको अनुभूति नहोस् भन्ने हिसाबले पनि सोच्नु पर्दछ (ढकाल, २०७३:२४१) ।

### २.३.२.१.२ अक्षरको आकार र ठाउँ छोडाइ

अक्षरको आकार र ठाउँ छोडाइ पाठ्यपुस्तकको बाह्य विशेषता भित्र पर्ने अर्को महŒवपूर्ण तŒव हो । तल्ला कक्षाहरूमा ठुला अक्षर माथिल्ला कक्षाहरूमा साना अक्षर राख्नु उपयुक्त हुन्छ । कक्षा १ सम्म सामान्य पठनका लागि १२० प्वाइन्ट सम्मका अक्षराकार उपयुक्त मानिन्छन् । त्यसैगरी कक्षा दुईमा पुग्दा २४ देखि ३६ प्वाइन्टसम्मका र कक्षा ३ का लागि १६ देखि २० प्वाइन्टसम्मका अक्षर उपयुक्त मानिन्छ । कक्षा ४ र ५ का लागि १४/१६ प्वाइन्टसम्म र त्यसभन्दा माथि १२/१४ प्वाइन्टसम्मका अक्षराकार उपयुक्त मानिन्छन् ( पौडेल, २०७३ : २६६) ।

कक्षा १ सम्म अक्षर-अक्षर बिचमा १/६ इन्चको र त्यस भन्दा माथी १/८ इन्च १/९ इन्च र १/१० इन्चको अन्तराल गराउदै स्तरिकृत गराउनु उपयुक्त हुन्छ। शब्द-शब्दका बिचमा कक्षा १ सम्म १/४ कक्षा २ मा १/६, कक्षा ३ मा १/८ इन्च  र त्यसभन्दा माथी १/९ इन्च  सम्मको अन्तराल उपयुक्त मानिन्छ। पङ्क्ती बिचको अन्तराल गर्दा कक्षा -१ सम्म ३/४ इन्च  त्यसपछी क्रमशः कम गर्दै लगेर १/३ र १/४ इन्च सम्ममा स्तरिकृत गर्न उपयुक्त मानिन्छ । कागजको माथी ३/२ इन्च, तल १ इन्च बायाँ १ इन्च र दायाँ  १/२ इन्च सम्म छोड्नु भाषापाठ्यपुस्तक राम्रो हुन्छ।(२०७०/३७१)

### २.३.२.१.३ छपाइ र बँधाइ

प्रारम्भिक कक्षाका पाठ्यपुस्तक विभिन्न रङ्गका मसीले छाप्दा विद्यार्थीलाई आकर्षित गर्न सक्छ, तर उपल्ला कक्षाहरूमा चम्किलो गाढा कालो वा निलो मसी नफुल्ने हिसाबले प्रयोग

गर्नु राम्रो हुँदैन । छाप्दा शीर्षक, उपशीर्षक र पाठलाई अलग अलग आकारमा छाप्नु पर्छ भने विशेष शब्द, पदावली, वाक्यांश र वाक्यलाई स्पष्ट बनाउने विभिन्न तरिका अपनाउनु जरुरी छ । किनारा उपयुक्त ढङ्गले छोडेर छाप्नु आवश्यक हुन्छ । पाठ्यांश नछोपिने र पढ्न सजिलो हुनेगरी छपाइको प्रबन्ध गर्नु जरुरी हुन्छ (ढकाल, २०७३:२४२) ।

पाठ्यपुस्तकहरू पढ्न सजिलो हुने र बन्धन खुस्केर छारस्ट नहुने गरी बलियो धागोले सिलाइएको हुनुपर्छ । स्टेप्लरले गरिएको स्टिज उप्किने र कागत च्यातिने भएको हुँदा बलियो धागोले सिउनु जरुरी हुन्छ । विद्यार्थीले जतिसुकै जतन गरेपनि पृष्ठहरू खुस्किँदै जाने कमजोरीबाट पाठ्यपुस्तकलाई जोगाउन बन्धन दरो आवश्यक छ (ढकाल,२०७३:२४३) ।

### २.३.२.१.४ कागतको स्तर

कागजको स्तरले पाठ्यपुस्तकको स्तर निर्धारण गर्ने भएकाले सेतो, सफा, चिप्लो र बाक्लो ( ६० ग्रामभन्दा माथिको म्यापलिथो) कागत प्रयोग गर्नु जरुरी हुन्छ । मैलो, खस्रो र पातलो कागजमा न छपाइ राम्रो हुन्छ न त्यसमा पाठकको ध्यानाकर्षण गर्ने शक्ति हुन्छ न त त्यसमा  टिकाउपना नै हुन्छ, त्यसैले पाठ्यपुस्तकको कागज गुणस्तरीय हुनु आवश्यक छ  ( ढकाल,२०७३:२४३) ।

### २.३.२.१.५ मूल्य

नाफामूलक दृष्टिभन्दा सेवामूलक दृष्टिले पाठ्यपुस्तकको मूल्य निर्धारण हुनुपर्छ । पाठकहरूको कय शक्तिलाई ख्याल गरी कमभन्दा कम दाममा पुस्तकहरू उपलब्ध हुनु आवश्यक छ । किन्न हच्किनु पर्ने स्थिति नहोस् भनी लागत मूल्यभन्दा केही प्रतिशतमात्र नाफा राखेर पुस्तकको मूल्य निर्धारण हुनुपर्छ । कमजोर हैसियतका नागरिकलाई निःशुल्क उपलब्ध गराउने चेष्टा पनि हुनुपर्छ  (ढकाल, २०७३:२४३) ।

### २.३.२.१.६ सुलभता

पठनपाठन हुने सम्पूर्ण क्षेत्रमा पुस्तकहरू यथा समयमा उपलब्ध हुनुपर्छ । शैक्षिक सत्र सुरु हुनु अगावै सहर बजारमा मात्र होइन, दुर्गम गाउँहरूमा पनि पाठ्यपुस्तकहरू पर्याप्त मात्रामा पुऱ्याउने सरकारी, गैरसरकारी संस्था र व्यक्तिहरू कियाशील हुन जरुरी छ । पाठ्यपुस्तक लिन पटकपटक धाउनु पर्ने, धाउँदा पनि समयमा उपलब्ध नहुने कुराले पढाइप्रति निराश बनाउने र कतिलाई वञ्चित गर्ने हुँदा सुलभ ढङ्गले उपलब्ध हुनेगरी समुचित वितरणको व्यवस्था गरिनु आवश्यक छ (ढकाल, २०७३ :२४३) ।

### २.३.२.२ आन्तरिक आधार

भाषाशिक्षण सिकाइका दृष्टिले विशेष भूमिका खेल्ने आन्तरिक वा प्राज्ञिक कुराहरूलाई भाषापाठ्यपुस्तकले के कसरी समावेश वा समायोजन गरेको छ भन्ने कुरा सर्वाधिक महŒवपूर्ण कुरा हो । पाठ्यपुस्तक देख्दा जतिसुकै आकर्षक भएपनि त्यो भाषाशिक्षणका दृष्टिले आन्तरिक रूपमा कमजोर छ भने त्यसको मूल्य र महŒव रहँदैन । भाषापाठ्यपुस्तकका आन्तरिक वा प्राज्ञिक मूल्याङ्कनका आधारहरूलाई स्तरगत उपयुक्तता र पाठ्यवस्तुको प्रस्तुतिगत उपयुक्तताका आधारमा अध्ययन गर्न सकिन्छ (पौडेल, २०७३ :२६९) ।

#### २.३.२.२.१ स्तरगत उपयुक्तता

कुनै भाषापाठ्यपुस्तक सम्बन्धित तह वा कक्षाको स्तर सुहाउँदो हुनु आवश्यक छ । यसका निम्ति त्यसभित्र उपयुक्त पाठ्यवस्तु, शब्दभण्डार, भाषा, अभ्यास, चित्र, शब्दार्थ, टिप्पणी, सङ्केत आदि आन्तरिक प्रभावसम्बन्धी कुराहरू स्तरयुक्त हुनुपर्छ (पौडेल, २०७३ :२६९) । भाषापाठ्यपुस्तकका स्तरयुक्तताका निर्धारित तŒवका रूपमा रहेका उपयुक्त प्रमुख कुराहरू लाई तल चर्चा गरिन्छ ।

**क) विषयवस्तु**

भाषापाठ्यपुस्तकको केन्द्रीय भाग भनेकै त्यसमा समाविष्ट पाठ्यवस्तु हो । विद्यार्थीहरूले पढेर सिक्नुपर्ने कुरा अथवा कार्यकलापहरूमा सहभागी भएर हासिल गर्नुपर्ने बोध र अभिव्यत्तिगत सिप स्रोत नै पाठ्यवस्तु हो । भाषापाठ्यपुस्तकको सर्वाधिक महŒवपूर्ण आन्तरिक तŒवका रूपमा पाठ्यवस्तुलाई लिइन्छ । युक्ति सङ्गत विचार नपुऱ्याइकन तय गरिएका पाठ्यवस्तुहरूले पाठ्यक्रमका अपेक्षाहरू पूरा गर्न सक्तैनन् र विद्यार्थीका भाषिक आवश्यकताको निदान र सिप विकासमा टेवा पुऱ्याउन पनि सक्तैनन् । यिनै विभिन्न कुराहरूको आधारमा पाठ्यवस्तुको स्तरगत विशेषता केलाउन सकिन्छ । र भाषापाठ्यपुस्तकको पनि मूल्याङ्कन गर्न सकिन्छ  (पौडेल, २०७३ :२७०) ।

**ख) शब्दभण्डार**

भाषापाठ्यपुस्तकको स्तरगत उपयुत्तता वा अनुपयुक्तताको मापन गर्ने अर्को महŒवपूर्ण आधार त्यसको शब्दभण्डार हो । शब्दभण्डार कै आपसी संयोजन र सङ्गतिबाट भाषा तयार

हुन्छ र त्यसको उचित एवम् सान्दर्भिक प्रयोगबाट भाषाको बोध र अभिव्यक्तिगत पाठ्यवस्तुहरू तयार हुन्छन् । स्तरअनुसार जति नयाँ शब्दहरू थपिँदै लगिन्छ त्यति तिनको सान्दर्भिक पुनरावृत्ति र प्रयोग अभ्यास पनि बढाउदै लैजानु आवश्यक हुन्छ । सुरुसुरुमा आधारभूत शब्द र क्रमशः नजानिदो ढङ्गले सरलदेखि जटिलताको क्रममा अन्य प्राविधिक अनुकरणात्मक, श्रुतिसमभिन्नार्थक, विपरीतार्थक, पर्यायर्थक, अनेकार्थक, एकल, संक्षिप्त आदि शब्द आवश्यकता बमोजिम प्रवेश गराउँदै जानुपर्छ । शब्दभण्डार भाषापाठ्यपुस्तकको स्तरयुक्तता र अनुपयुक्तताको पहिचान गर्ने महŒवपूर्ण पक्ष हो । त्यसैले भाषापाठ्यपुस्तकमा शब्दभण्डारको स्तरयुक्त नियन्त्रण र सङ्गठित व्यवस्थापन आवश्यक पर्छ ( पौडेल,२०७३:२७१) ।

**ग) भाषा संरचना**

पाठ्यपुस्तकभित्र प्रयुक्त भाषा संरचनाको समग्र स्तर नै भाषा हो । भाषिक संरचना र शैलीको सरलता र गहनताले भाषापाठ्यपुस्तकको स्तरगत उपयुक्तताको पहिचान र मूल्याङ्कन गर्न सहयोग पु¥याउँदा भाषापाठ्यपुस्तकको भाषा विद्यार्थीको स्तर क्षमता अनुरूप सरल, व्यावहारिक तथा रुचिपूर्ण हुनु जरुरी छ । प्रारम्भिक तहका सुरुका कक्षाहरूमा बढीमा तिन ⁄चारओटा शब्दद्वारा संरचित वाक्य संरचना तथा पछिल्ला कक्षामा आइपुग्दा क्रमशः बढीमा दस ⁄बारओटा शब्दहरूले बनेका वाक्य संरचना भएको भाषा प्रयोग गर्नु उचित मानिन्छ (पौडेल, २०७३:२७२) ।

**घ) अभ्यास**

भाषिक सिपहरू अभ्यासद्वारा मात्र प्राप्त हुन्छन् । विषयगत र विधागत प्रकृतिअनुसार अभ्यासहरूको योजना गरिनु जरुरी छ । अरू पाठ्यपुस्तकले विषयवस्तुको बोधसँग सम्बन्धित प्रश्नहरू मात्र समावेश गरेका हुन्छन् तर भाषाको पुस्तकमा पर्याप्त अभ्यासहरू समावेश हुनुपर्छ र तिनीहरूमा विविधता पनि हुनु अति आवश्यक हुन्छ । अभ्यासका विद्यार्थीहरूको सिर्जनात्मक क्षमतालाई उजागर गर्न सक्ने अभ्यासहरू पनि समावेश गरिनु आवश्यक हुन्छ (ढकाल,२०७३ :२४६) ।

**ङ) चित्र**

अन्य विषयका पाठ्यपुस्तकमा झैँ भाषापाठ्यपुस्तकमा पनि चित्रहरूको महŒवपूर्ण आन्तरिक भूमिका रहेको हुन्छ । कुनै पनि नवीन विषयवस्तु वा दृश्यावलीसम्बन्धी धारणा

बसाल्न, सूक्ष्म दृष्टिकोण वृद्धि गर्न, वर्णनात्मक क्षमता विकास गर्न र अनुकरणात्मक सिप र कलाको समेत प्रवर्धन गर्न भाषापाठ्यपुस्तकमा चित्रले प्रभावकारी भूमिका खेलेको हुन्छ । प्रारम्भिक तहका भाषापाठ्यपुस्तकमा अक्षर र शब्दको धारणा बसाल्न पनि चित्रको अत्याधिक उपयोग गर्नुपर्छ । त्यसभन्दा माथि पनि सान्दर्भिक चित्रहरूको यथास्थानिक उपयोग गर्न सकेमा रोचकता र प्रभावकारिताको सिर्जना गरिन्छ (पौडेल,२०७३:२७४) ।

### २.३.२.२.२. पाठ्यवस्तुहरूको प्रस्तुतिगत उपयुक्तता

कुनै पनि भाषापाठ्यपुस्तक कत्तिको विशेषतायुक्त छ भन्ने कुराको मापनको आधार त्यसको प्रस्तुति ढाँचालाई पनि मानिन्छ । यस भित्र पाठ्यवस्तुका निमित्त तय गरिएका विषयवस्तु र तिनको प्रस्तुतिक्रम महŒवपूर्ण हुन्छ (पौडेल,२०७३ :२७५) । पाठ्यवस्तुहरूको प्रस्तुतिगत उपयुक्तता भित्र निम्न कुराहरू पर्दछन् :-

**क) छनोट**

सबै कक्षामा सबै किसिमका विधा उपविधाहरू शिक्षण गर्नु उपयुक्त हुँदैन । कक्षाको स्तरअनुसार विधाहरूको छनोट हुनु जरुरी हुन्छ । माध्यामिक तहमा गद्यअन्र्तगत कथा, जीवनी, चिठी, रूपक, दैनिकी, प्रबन्ध (निबन्ध उपविधाहरू) र पद्यअन्तर्गत फुटकर कविताहरू समावेश गर्ने ध्येय र सहज संरचना भएको साहित्यिक विधाहरूको छनोट आवश्यक हुन्छ । शिक्षणीय तहअनुसार विधाहरूको छनोट भएका खण्डमा मात्र पठनपाठन सरल र सहज हुन सक्छ । विधागत विविधता सिकारूलाई सिकाइका लागि उत्प्रेरित गर्ने आधार हुन् (ढकाल,२०७३:२४५) ।

**ख) स्तरण**

पाठ्यवस्तुको छनोटले मात्र शिक्षण सिकाइका लागि पर्याप्त गोरेटो तयार हुन्छन् । छनोट भनेको त शिक्षणीय विषयवस्तु वा पाठ्यवस्तुको सीमाङ्कन, थुप्रो र अव्यवस्थित सङ्गालो मात्र हो । छनोटद्वारा सीमाङ्कित कच्चा माललाई व्यवस्थित अनुक्रममा ढालेर शिक्षण योग्य बनाई प्रस्तुत गर्ने काम स्तरणले गर्छ । यस दृष्टिले स्तरणलाई छनोट गरिएका पाठ्यवस्तुलाई पहिला के, त्यसपछि के र कुन रूपमा शिक्षण गर्ने भन्ने कुराको व्यवस्थित र वैज्ञानिक अनुक्रम मिलाउने प्रक्रियाका रूपमा अर्थ्याउन सकिन्छ । स्तरणका लागि छनोट पूर्वावश्यक सर्त हो भने स्तरण योग्य पाठ्यवस्तुको चयन छनोटको पनि पूर्वावश्यक सर्त हो । शिक्षणयोग्य बनाउनका निम्ति पाठ्यवस्तुको प्रकृति र प्रवृत्ति अनुसार रेखीय वा चक्रीय

प्रक्रियाको अनुसरण गरेर अनुक्रम मिलाउन सकिन्छ तर भाषिक सिप र भाषातत्वका कुराहरू रेखीय नभई चक्रीय प्रकृतिका हुने भएकाले स्तरणको प्रकृति पनि चक्रीय किसिम कै बनाउनु भाषाशिक्षणका लागि उपयुक्त मानिन्छ (पौडेल, २०७३ :२७७) ।

# अध्याय - तीन

## अध्ययन प्रकिया/विधि

### ३.१. अध्ययनको संरचना

शोधपत्र तयार गर्ने क्रममा विभिन्न विधिको प्रयोग गर्न सकिन्छ तर सबै प्रकारका अध्ययन विधिहरूको प्रयोग गर्न सम्भव हुँदैन । त्यसैले शोधको शीर्षक, प्रकृति समयको उपलब्धता आदिको आधारमा शोध विधिको चयन गर्नु उपयुक्त देखिन्छ । यो शोधपत्र **कक्षा ४ को नेपाली भाषापाठ्यपुस्तकको (२०७५) बाह्यान्तरिक विशेषताका आधारमा विश्लेषण** भएकोले यसमा भाषापाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा, बाह्यान्तरिक मूल्याङ्नका सैद्धान्तिक अवधारणा तथा क्षेत्रीय सामग्री सङ्कलन विधिको पनि आंशिक रूपमा उपयोग गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यस क्रममा यहाँ कक्षा-४ को मेरो नेपाली किताब मा राखिएका विधाहरू विद्यार्थीका निम्ति उपयोगी भएको वा नभएको सम्बन्धमा प्रश्नावली निर्माण गरी शिक्षक वर्गलाई सोधिएको छ । आन्तरिक र बाह्य विशेषताका आधारमा उपयुक्त भए नभएको सम्बन्धमा अध्ययन गरिएको छ । यो अध्ययनमा कक्षा ४ को नेपाली पाठ्यपुस्तक (२०७५) लाई मुख्य रूपमा लिइएको छ भने पाठ्यपुस्तकका सम्बन्धमा लेखिएका सामग्रीलाई गौण रूपमा अपनाइएको छ ।

प्रस्तुत शोधपत्रको विश्लेषण गर्ने सैद्धान्तिक आधारको रूपमा वर्णनात्मक, विश्लेषणात्मक, पुस्तकालयीय र क्षेत्रभ्रमण विधिको उपयोग गरिएको छ । त्यसैगरी पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताको सिद्धान्तको आधारमा तथा क्षेत्रभ्रमणबाट आएको नतिजालाई विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

### ३.२. जनसङ्ख्या/नमुना

यस अध्ययनमा क्षेत्रीय सर्वेक्षण विधिको प्रयोग गर्दै उदयपुर जिल्लाका श्री ज्योति आधारभूत विद्‌यालय , श्री जनता नमुना मा.वि गुरुङचौरी, श्री कालिका आ.वि कालिखोला, श्री हिमकला आ.वि गोमाटार र श्री वरपिपल मा.वि कमलाबारीका शिक्षक, विद्यार्थी र ती शिक्षक विद्यार्थीहरूमध्ये कक्षा ४ मा नेपाली विषय अध्यापन गराउने ५ जना शिक्षक र कक्षा ४ मा अध्ययपन गर्ने ५ जना छात्र र ५ जना छात्रा गरी १० जना विद्यार्थीलाई जनसङ्ख्या नमुनाको रुपमा लिइएको छ ।

### ३.३ नमुना छनोट

यो अनुसन्धान कार्य गर्दा प्रतिनिधिमूलक नमुना छनोट विधि अवलम्बन गरेर गरिएको छ । यसअन्तर्गत उदयपुर जिल्लाका पाँचओटा सामुदायिक विद्यालयका कक्षा ४ मा नेपाली अध्यापन गराउने ५ जना शिक्षकलाई प्रतिनिधिका रुपमा लिइएको छ । त्यसैगरी ५ विद्यालयबाट कक्षा ४ मा अध्ययन गर्ने ५ जना छात्र र ५ जना छात्रा गरी जम्मा १० जना विद्यार्थीलाई प्रतिनिधिका रूपमा लिई यो अध्ययन कार्य गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलन साधन

शोधकार्यलाई उद्देश्यपूर्ण बनाउनका लागि विभिन्न किसिमका तथ्याङ्क सङ्कलनका साधन र तरिकाहरू अपनाइने गरिन्छ । यस शीर्षकमा शोधपत्र तयार पार्नका लागि प्रश्नावली निर्माण गरी बन्द र आवश्यक मात्रामा खुला प्रश्न निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । साथै शिक्षाविद्, पाठ्यक्रम, पाठ्यपुस्तक, विशेषज्ञ तथा अध्याताहरूले निर्धारण गरेका पाठ्यपुस्तक विश्लेषणसम्बन्धी सैद्धान्तिक मान्यताहरूको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यो शीर्षकमा तथ्याङ्क सङ्कलन गर्दा सम्बन्धित तहका, पाठ्क्रम, पाठ्यपुस्तक र विभिन्न अनुसन्धान कर्ताहरूले गरेका अनुसन्धान तथा सम्बन्धित तहमा अध्यापन गर्ने शिक्षक तथा अध्ययन गर्ने विद्यार्थीहरूबाट प्रश्नावलीमार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । यस प्रश्नावलीलाई यस शोधको परिशिष्टमा राखिएको छ ।

### ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

यो अध्ययनमा उल्लिखित सामग्रीमार्फत प्राप्त तथ्यहरूलाई पूर्वनिर्धारित सैद्धान्तिक मान्यताका आधारमा व्याख्या एवम् विश्लेषण गरिएको छ । साथै प्रतिनिधि नमुनामार्फत सङ्कलित प्रतिक्रियाहरूलाई छ र छैन जस्ता दुई स्केलमा तालिकीकरण गरी त्यसलाई प्रतिशतका आधारमा तथ्याङ्शास्त्रीय विश्लेषण गरिएको छ ।

# अध्याय - चार

## नतिजा/परिणाम र छलफल

पाठ्यक्रमले शिक्षालाई व्यावहारिक, उद्देश्यमूलक एवम् समयसापेक्ष बनाउने हेतुले कक्षागत रूपमा विषयगत उद्देश्य तय गरेको पाइन्छ । कक्षा ४ प्राथमिक तहको मध्य कक्षा हो । कक्षा १, २ र ३ पूरा गरेका विद्यार्थीहरूको योग्यता, रुचि, पूर्वज्ञान आदिलाई ध्यानमा राखेर कक्षा ४ को नेपाली विषयको कक्षागत पाठ्यक्रम तयार गरिएको पाइन्छ । कक्षा ४ को नेपाली पाठ्यपुस्तकमा ४ ओटा विधाका २१ ओटा पाठहरू समावेश गरिएका छन् । यस एकाइमा कक्षा ४ को मेरो नेपाली किताबको क्षेत्रभ्रमण गरी आएका परिणामलाई तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१ आन्तरिक पक्षका आधारमा कक्षा ४ को नेपाली किताबको अध्ययन

पाठ्यपुस्तकको आन्तरिक विशेषताअर्न्तगत पर्ने आधारहरूलाई कक्षा ४ मा नेपाली विषय अध्यापन गराउने शिक्षकलाई प्रश्नावलीका माध्यमबाट मत लिई निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :-

### ४.१.१ विषयवस्तु

कक्षा चारको मेरो नेपाली किताबमा समावेश गरिएको विषयवस्तुको सङ्गठन तथा प्रस्तुतिका सम्बन्धमा कक्षा तीनमा नेपाली विषय पढाउने ५ जना शिक्षकहरूबाटलिइएको मतलाई प्रतिशतका आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ । :-

तालिका सङ्ख्या -१
विषयवस्तुका आधारमा शिक्षकको धारणा

| क्र.सं. | आधार | छ | छैन |
|---|---|---|---|
| १ | विद्यार्थी केन्द्रित विषयवस्तु | १००% | |
| २ | विषयवस्तुको स्तरयुक्तता | १००% | |
| ३ | राष्ट्रिय भावना जगाउने विषयवस्तु | १००% | |
| ४ | सांस्कृतिक भावना जगाउने विषयवस्तु | ९०% | १०% |
| ५ | विद्यार्थीका आवश्यकता अनुकूलका विषयवस्तु | १००% | |
| ६ | अनुशासित जगाउने विषयवस्तु | १००% | |
| ७ | स्वावलम्बी बनाउने विषयवस्तु | ७०% | ३०% |

माथिको तालिकालाई विश्लेषण गर्दा कक्षा चारको मेरो नेपाली किताबमा विद्‌यार्थी केन्द्रित विषयवस्तुमा शिक्षकले सकारात्मक धारणा व्यक्त गरेका छन् । विषयवस्तुको स्तरयुक्ततामा १००% नै शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् । राष्ट्रिय भावना जगाउने विषयवस्तु पुस्तकमा समावेश छन् भने धारणामा सबै शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकका विषयवस्तुहरूले सांस्कृतिक भावनालाई समेटेको छ भने ९०% शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने १०% शिक्षकहरूबाटनकारात्मक प्रतिक्रिया आएको छ । विद्यार्थीका आवश्यकता अनुकूलका विषयवस्तु पाठ्यपुस्तकमा समावेश छन् भने धारणामा सबै शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् । अनुशासित जगाउने विषयवस्तुमा सबै शिक्षकले १००% सकारात्मक प्रतिक्रिया जनाएका छन् । त्यसैगरी पाठ्यपुस्तकमा स्वावलम्बी बनाउने विषयवस्तुमा ७०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने ३०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । समग्रमा केही विषयवस्तुमा हुनुपर्ने कुराहरू केही मात्रामा कम रहेका र धेरै कुरा विषयवस्तुमा समावेश भएका माथिको अध्ययनले देखाएको छ ।

### ४.१.२ विषयवस्तुको सङ्गठन तथा प्रस्तुति

कक्षा -४ को मेरो नेपाली किताबमा समावेश गरिएका विषयवस्तुको सङ्गठन तथा प्रस्तुति सम्बन्ध कक्षा-४ मा नेपाली विषय पाढाउने ५ जना शिक्षकहरूबाटलिइएको मतलाई प्रतिशतका आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ । :-

तालिका सङख्या-२

विषयवस्तुको सङ्गठन तथा प्रस्तुति

| क.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | पाठ्यविधाको रखाइक्रमको उपयुक्तता | ७० % | ३० % |
| २. | शीर्षक सान्दर्भिक | ९०% | १० % |
| ३. | छनोट तथा स्तरको कम | ८० % | २० % |
| ४. | सरलताबाट जटिलताको कम | ८० % | २० % |
| ५. | विद्यार्थीको स्तरअनुरुपको पाठको लम्बाइ | ७० % | ३० % |
| ६. | वाक्यको र अनुच्छेदको लम्बाइको उपयुक्तता | ९०% | १० % |

माथिको तालिकालाई अध्ययन गर्दा कक्षा ४ को मेरो नेपाली किताबमा पाठ्यविधाको रखाइक्रमको उपयुक्ततामा ७० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने ३० प्रतिशत शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । शीर्षक सान्दर्भिकतामा ९० प्रतिशत शिक्षकहरूले सकारात्मक धारणा दिएका छन् भने १० प्रतिशत शिक्षकहरूले नकारात्मक धारणा दिएका छन् । पाठ्यपुस्तकमा विषयवस्तुको छनोट तथा स्तरणको क्रम के कस्तो छ भन्ने धारणामा ८० प्रतिशतले सकारात्मक र २० प्रतिशत शिक्षकहरूले नकारात्मक धारणा दिएका छन् । विषयवस्तु सरलबाट जटिलताको क्रममा छन् भनी ८० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने २० प्रतिशतले नकारात्मक प्रतिक्रिया दिएका छन् । विद्यार्थीको स्तरअनुरूपको पाठको लम्बाइ कति छ भन्ने धारण ७० प्रतिशत शिक्षकहरुले सकारात्मक र ३० प्रतिशत शिक्षकहरुले नकारात्मक धारणा दिएका छन् । त्यसै गरी वाक्य र अनुच्छेदको लम्बाइको उपयुक्तताको उपयुक्त छ भनी ९० प्रतिशत शिक्षकहरूले आफ्नो प्रतिक्रिया दिएका छन् भने उपयुक्त छैन भनी १० प्रतिशत शिक्षकहरूले आफ्नो प्रतिक्रिया दिएका छन् । पाठ्यविधाको रखाइक्रमको उपयुक्तताले विद्यार्थीको स्तर अनुरूप पाठको लम्बाइमा शिक्षकहरूको सकारात्मक बढी नकारात्मक कम प्रतिक्रिया आएका छन् भने शीर्षक सान्दर्भिकता छनोट तथा स्तरणको कम, सरलबाट जटिलताको क्रम र वाक्यको र अनुच्छेदको लम्बाइको उपयुक्ततामा शिक्षकहरूले बढी सकारात्मक र केही नकारात्मक टिप्पणी आएको यस अध्ययनले देखाएको छ । समग्रमा यस पाठ्यपुस्तकमा विषयवस्तुको सङ्गठन तथा प्रस्तुतिको सम्बन्धमा मिश्रित प्रतिक्रिया आएका छन् ।

### ४.१.३ पाठ्यविधाको भाषिक पक्ष

कक्षा ४ को मेरो नेपाली किताबमा समावेश गरिएका पाठ्यविधाको भाषिक पक्षको सम्बन्धमा कक्षा ४ मा नेपाली विषय पढाउने ५ जना शिक्षकबाट प्रश्नावलीको सहयोगमा लिइएको मतलाई प्रतिशतका आधारमा निम्न तालिकामा प्रस्तुत गरिन्छ :-

तालिका सङख्या -३

पाठ्यविधाको भाषिक पक्षका सम्बन्धमा शिक्षकका धारणा :

| क.स | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | विद्यार्थीको क्षमता अनुकुलको भाषाको प्रयोग | ५० % | ५० % |
| २. | पाठ्यक्रमअनुसार सुनाइ सिपमा अध्ययन | ९०% | १० % |
| ३. | पठ्यक्रमअनुसार पढाइ सिपमा अध्ययन | ८० % | २० % |
| ४. | पठ्यक्रमअनुसार बोलाइ सिपमा अध्ययन | ९०% | १० % |
| ५ | पठ्यक्रमअनुसार लेखाइ सिपमा ध्यान | ९०% | १० % |
| ६. | वाक्यगत ढाँचामा सरलबाट जटिलतातिरको क्रम | ९०% | १० % |
| ७. | व्याकरणगत शुद्धताको स्तर | ९०% | १० % |

माथिको तालिका अध्ययन गर्दा कक्षा -४ को मेरो नेपाली किताबमा विद्यार्थीको क्षमता अनुकूल भाषाको प्रयोग गरिएको छ जसमा ५० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन भने ५० प्रतिशत शिक्षकहरूले छैन भनी प्रतिक्रिया दिएका छन् । पाठ्यक्रमअनुसार सुनाइ सिप माध्यममा पुऱ्याएको भनी ९० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने १० प्रतिशत शिक्षकहरूले छैन भनी आफ्नो प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकले पढाइ सिपमा ध्यान पुऱ्याएको भनी ८० प्रतिशत शिक्षकहरूले आफ्नो प्रतिक्रिया दिएका छन् भने २० प्रतिशत शिक्षकहरूले छैन भनी आफ्नो प्रतिक्रिया दिएका छन् । त्यसै गरी बोलाइ सिपमा ९० प्रतिशत सकारात्मक र १० प्रतिशत नकारात्मक प्रतिक्रिया शिक्षकहरूबाट आएका छन् । ९० प्रतिशत शिक्षकहरूले लेखाइ सिपमा ध्यान दिएको प्रतिक्रिया दिएका छन् भने १० प्रतिशत शिक्षकहरूले लेखाइ सिपमा ध्यान नदिएको भनी आफ्नो मत व्यक्त गरेका छन् । वाक्यगत ढाँचामा सरलबाट जटिल तिरको क्रममा रहेको छ भनी ९० प्रतिशत शिक्षकहरूले सकारात्मक र १० प्रतिशत शिक्षकहरूले नकारात्मक प्रतिक्रिया दिएका छन् । व्याकरणगत शुद्धताको स्तरमा ९० प्रतिशत शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने १० प्रतिशत शिक्षकहरूले नकारात्मक प्रतिक्रिया दिएका छन् । समग्रमा पाठ्यपुस्तकमा सुनाइ, पढाइ, बोलाइ र लेखाइ जस्ता सिपमा ध्यान पुऱ्याएको भनी अधिकांश शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने केहीले नकारात्मक प्रतिक्रिया दिएका छन् । त्यसैगरी विद्यार्थी अनुकूल भाषाको प्रयोग भएको वा नभएको भन्ने विषयमा सकारात्मक र नकारात्मक बराबर प्रतिक्रिया आएको यो अध्ययनले देखाएको छ ।

### ४.१.४ अभ्यास पक्ष

कक्षा ४ मेरो नेपाली किताबमा समावेश गरिएका अभ्यासको सम्बन्धमा कक्षा ४ मा नेपाली पढाउने ५ जना शिक्षकहरूबाट लिइएको मतहरूलाई प्रतिशतका आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या -४ अभ्यास पक्षसँग सम्बन्धित शिक्षकका धारणा

| क.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | पाठ्यक्रमको उद्देश्यअनुरूप नमुना अभ्यास | ९० % | १० % |
| २. | भाषिक सिप विकास गर्ने अभ्यास | ५०% | ५० % |
| ३. | सरलताबाट जटिलताको क्रम | ९० % | १० % |
| ४. | विद्यार्थीको सिर्जनात्मक पक्ष उकास्ने अभ्यास | ८०% | २० % |
| ५ | आगमन विधिको प्रयोग | ८०% | २० % |
| ६. | विधासँग सम्वन्धित अभ्यास | ९०% | १० % |
| ७. | विद्यार्थीको कठिनाइ पक्षमा ध्यान | ७०% | ३० % |
| ८. | विद्यार्थीको उमेर, क्षमता र पुर्वानुभवको ख्याल | ४०% | ६० % |
| ९. | प्रश्नको स्पष्टता | ९०% | १० % |
| १०. | प्रयोगात्मक अभ्यास स्तर | ३०% | ७० % |

माथिको तालिकामा अभ्यास पक्षका सम्बन्धमा शिक्षकहरूले दिइएका प्रतिक्रियाहरूलाई प्रतिशतका आधारमा तालिकाबद्ध गरेर देखाइएको छ । तालिकाअनुसार पाठ्यक्रमको उद्देश्य अनुरूप नमुना अभ्यास राखिएको छ भनी ९० प्रतिशत शिक्षकहरूले आफ्नो सकारात्मक प्रतिक्रिया दिएका छन् भने १० प्रतिशत शिक्षकहरूले नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा भाषिक सिप विकास गर्ने अभ्यास पर्याप्त मात्रामा राखिएका छन् भनी ५० प्रतिशत शिक्षकहरूले आफ्नो नकारात्मक प्रतिक्रिया दिएका छन् । अभ्यासहरू सरलबाट जटिलताको क्रममा रहेका छन् भनी ९० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने १० प्रतिशत शिक्षकहरूले नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा विद्यार्थीका सिर्जनात्मक पक्ष उकास्ने अभ्यास छन् भनी ८० प्रतिशत शिक्षकहरूले आफ्नो मत सकारात्मक दिएका छन् भने २० प्रतिशत शिक्षकहरूले छैनन् भनी आफ्नो प्रतिक्रिया दिएका छन् । आगमन विधिको प्रयोग भएको छ भनी ८० प्रतिशत शिक्षकले सकारात्मक र २० प्रतिशत शिक्षकहरूले छैन भनी नकारात्मक प्रतिक्रिया दिएका छन् । विधासँग सम्बन्धित अभ्यास पाठ्यपुस्तकमा समावेश गरेका छन् भनी ९० प्रतिशत शिक्षकहरूले आफ्नो प्रतिक्रिया दिएका छन भने १० प्रतिशत शिक्षकहरूले छैन भनी आफ्नो

प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा भएका अभ्यासहरूमा विद्यार्थीको कठिनाइ पक्षमा ध्यान पुऱ्याइएको छ भनी ७० प्रतिशत शिक्षकहरूले प्रतिक्रिया दिएका र ३० प्रतिशत शिक्षकहरूले छैन भनी आफ्नो प्रतिक्रिया दिएका छन् । अभ्यास विद्यार्थीको उमेर, क्षमता र पुर्वानुभवको समेत ख्याल गरी राखिएको छ भनी ४० प्रतिशत शिक्षकहरुले प्रतिक्रिया दिएका छन् भने ६० प्रतिशत शिक्षकहरूले छैन भनी आफ्नो प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा समवेश भएका अभ्यासमा प्रश्नको स्पष्टता रहेको भनी ९० प्रतिशत शिक्षकहरूले प्रतिक्रिया व्यक्त गरेका छन् भने १० प्रतिशत शिक्षकहरूले छैन भनी प्रतिक्रिया दिएका छन् । नेपाली पाठ्यपुस्तकमा प्रयोगात्मक अभ्यासको स्तर भएको भनी ३० प्रतिशत शिक्षकहरूले आफ्नो सकारात्मक प्रतिक्रिया दिएका छन् भने ७० प्रतिशत शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् ।

समग्रमा कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकमा शिक्षकहरूले उद्देश्यअनुरूप नमुना अभ्यास सरलबाट जटिलताको क्रम, सिर्जनात्मक अभ्यास, आगमन विधिको प्रयोग, विधासँग सम्बन्धित अभ्यास र प्रश्नको स्पष्टताजस्ता आधारमा बढी सकारात्मक प्रतिक्रिया दिएका छन् भने भाषिक सिप विकास गर्ने अभ्यास, विद्यार्थीको कठिनाइ पक्षमा ध्यान, उमेर, क्षमता, पुर्वानुभवको ख्याल र प्रयोगात्मक अभ्यासको स्तरमा अधिकांश शिक्षकहरूले नकारात्मक प्रतिक्रिया दिएको यस अभ्यासले देखाएको छ ।

### ४.१.५ चित्र पक्ष -

कक्षा ४ को मेरो नेपाली किताबमा समावेश गरिएको चित्रहरूका सम्बन्धमा कक्षा ४ मा नेपाली विषय पढाउने ५ जना शिक्षकहरूबाट लिइएको मतलाई प्रतिशतका आधारमा निम्न तालिकामा प्रस्तुत गरिन्छ :-

तालिका सङ्ख्या -५

पाठ्यपुस्तकमा भएका चित्रहरूको सम्बन्धमा शिक्षकका धारणा

| क.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | उपयुक्त चित्रको छपाइ | ६० % | ४० % |
| २. | विषयगत धारणा दिने चित्र | ४०% | ६० % |
| ३. | पाठमा भावनात्मक विचारलाई मूर्त रूप दिन सक्ने चित्र | ३० % | ७० % |
| ४. | चित्रको उमेरगत दृष्टिको उपयुक्तता | ९०% | १० % |
| ५ | रङगिन चित्रको प्रयोग | ९०% | १० % |
| ६. | विद्यार्थीलाई पाठप्रति सकारात्मक धारणा दिने चित्र | ९०% | १० % |

माथिको तालिकामा कक्षा ४ को पाठ्यपुस्तकमा प्रयोग भएका चित्रहरूको बारेमा शिक्षकहरूसँग लिइएका प्रतिक्रियाहरूलाई प्रतिशतका आधारमा तालिकामा देखाइएको छ । तालिका अनुसार पाठ्यपुस्तकमा उपयुक्त चित्रको छपाइ भएको छ भनी ६० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने ४० प्रतिशत शिक्षकहरूले छैन भनी नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा पाठको विषयगत धारणा दिने चित्र छ भनी ४० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने ६० प्रतिशत शिक्षकहरूले पाठमा विषयगत धारणा दिने चित्र छैनन् भनी प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा पाठका भावनात्मक विचारलाई मूर्त रूप दिन सक्ने चित्र छन् भनी ३० प्रतिशत शिक्षकहरूले सकारात्मक र ७० प्रतिशत शिक्षकहरूले नकारात्मक प्रतिक्रिया दिएका छन् भन्ने आधारमा छन् भनी ९० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने छैनन् भनी १० प्रतिशत शिक्षकहरूले आफ्नो प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा रङ्गिन चित्रको प्रयोग भएको भनी ९० प्रतिशत शिक्षकहरूले सकारात्मक र १० प्रतिशत शिक्षकहरूले छैनन् भनी आफ्नो प्रतिक्रिया दिएका छन् । त्यसैगरी विद्यार्थीलाई पाठप्रति सकारात्मक धारणा दिने चित्र प्रयोग गरिएको भनी ९० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने १० प्रतिशत शिक्षकहरूले छैनन् भनी आफ्नो नकारात्मक प्रतिक्रिया दिएका छन् ।

समग्रमा यो पाठ्यपुस्तकको चित्र पक्षमा पाठ प्रयोग भएको चित्रहरू उमेरगत दृष्टिले उपयुक्त रङ्गिन चित्रको प्रयोग, पाठप्रति सकारात्मक धारणा दिने चित्रका प्रयोग भएका छन् भनी अधिकांश शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् । त्यसैगरी उपयुक्त चित्रको छपाइ विषयगत धारणा दिने चित्र र भावनात्मक विचारलाई मूर्त रूप दिने आदि आधारमा अधिकांश शिक्षकहरूले ती आधार पाठ्यपुस्तकमा समावेश गराएको चित्रमा नपाएको भनी आफ्नो प्रतिक्रिया दिएका छन् ।

### ४.२ बाह्य पक्षका आधारमा कक्षा ४ को मेरो नेपाली किताबको अध्ययन :-

पाठ्यपुस्तकको विश्लेषण आन्तरिक पक्षको आधारमा मात्र नभएर बाह्य पक्षका आधरमा पनि गर्नु आवश्यक हुन्छ । पाठ्यपुस्तक आन्तरिक रूपमा जति सबल हुनुपर्दछ त्यति नै यसको बाह्य रुपमा पनि सबल हुनु आवश्यक छ । कक्षा ४ को मेरो नेपाली किताबलाई बाह्य पक्षअन्तर्गत छनोट, अक्षर, आकार, ठाँउ छोडाइ, अन्तराल, छपाइ र बँधाइ, कागजको गुणस्तर मूल्य, सुलभता (पौडेल २०७३:२६६) को सापेक्षतामा रही प्रश्नावली निर्माण गरी

कक्षा ४ मा नेपाली विषय अध्यापन गराउने ५ जना विद्यालयका ५ शिक्षक र सोही विद्यालयका कक्षा ४ मा पढ्ने ५ जना छात्र र ५ जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूलाई बाह्य विशेषताका आधारमा रही प्रतिक्रिया सङ्कलन गरी निम्नानुसार तालिका बनाइ प्रतिशतका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

तालिका -६

बाह्य पक्षका आधारमा शिक्षकका धारणा

| क्र.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | पाठ्यवस्तु झल्काउने आवरण पृष्ठ | १०० % | |
| २. | पाठ्यपुस्तकको उपयुक्त आकार | १००% | |
| ३. | छपाइको स्तर | ४०% | ६०% |
| ४. | शब्दशब्द बिचको उपयुक्त दुरी | ९०% | १०% |
| ५ | अनुच्छेद अनुच्छेद बिचको उपयुक्त दुरी | १००% | |
| ६. | आवरण पृष्ठमा प्रयोग गरिएको अक्षरको आकार | ७०% | ३०% |
| ७. | पाठका शीर्षकमा प्रयोग भएका आकार | ६०% | ४०% |
| ८. | पाठमा प्रयोग भएका अक्षरको स्तर | ७०% | ३०% |
| ९. | कागजको स्तर | ३०% | ७०% |
| १०. | विषयसूची रखाइको उपयुक्त क्रम | ५०% | ५०% |
| ११. | सर्वसुलभता र मूल्य उपयुक्तता | ७०% | ३०% |

माथिका प्रस्तुत तालिकामा कक्षा ४ मा नेपाली विषय अध्ययनरत शिक्षकहरूबाट प्रश्नावलीका माध्यमबाट पाठ्यपुस्तकको बाहिरी पक्षका सम्बन्धमा लिइएको प्रतिक्रियाहरूलाई प्रतिशतका आधारमा देखाइएको छ । शिक्षकहरूले पाठ्यपुस्तकको आवरण पृष्ठ पाठ्यवस्तु झल्काउने रहेको भनी १०० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् । त्यसैगरी पाठ्यपुस्तकको आकार उपयुक्त रहेको छ भनी १०० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकको छपाइको स्तर राम्रो छ भनी ४० प्रतिशतले र ६० प्रतिशतले छैन भनी आफ्नो प्रतिक्रिया दिएका छन् । शब्द-शब्द बिचको उपयुक्त दुरी के कस्तो छ भन्ने आधारमा उपयुक्त छ भनी ९० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने १० प्रतिशत शिक्षकहरूले उपयुक्त छैन भनी आफ्नो प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा अनुच्छेद-अनुच्छेद बिच उपयुक्त दुरी रहेको छ भनी १०० प्रतिशत शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् । आवरण पृष्ठमा प्रयोग गरिएको अक्षरको आकारको सम्बन्धमा उपयुक्त रहेको छ भनी ७० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने ३० प्रतिशत शिक्षकहरूले छैन भनी

आफ्नो प्रतिक्रिया दिएका छन् । त्यसैगरी पाठ्यपुस्तकमा समावेश पाठका शीर्षकमा प्रयोग भएका अक्षरमा आकारका सम्बन्धमा ६० प्रतिशत शिक्षकले सकारात्मक र ४० प्रतिशत शिक्षकहरुले नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकको पाठमा प्रयोग भएका अक्षरको ७० प्रतिशत शिक्षकले उपयुक्त र ३० प्रतिशत शिक्षकले उपयुक्त नरहेको प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकको कागज स्तरिय रहेको छ भनी ३० प्रतिशत शिक्षकले र ७० प्रतिशत शिक्षकहरुले स्तरिय कागज प्रयोग नभएको भनी आफ्नो प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा विषयसुची रखाइको उपयुक्त कम रहेको भनी ५० प्रतिशत शिक्षकहरूले सकारात्मक र ५० प्रतिशत शिक्षकहरूले नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तक सर्वमूल्य र उपयुक्त मूल्य रहेको छ भनी ७० प्रतिशत शिक्षकहरूले सकारात्मक प्रतिक्रिया र ३० प्रतिशत शिक्षकहरूले नकारात्मक प्रतिक्रिया दिएका कुरा माथि तालिकामा प्रस्तुत गरिएको छ । समग्रमा शिक्षकवर्गले दिएका प्रतिक्रियालाई आधार मानी हेर्दा यो पाठ्यपुस्तकको बाहिरी आधार तुलनात्मक रूपमा कमजोर रहेको, पाठ्यपुस्तकको कागजको स्तर छपाइको स्तर शिक्षकवर्गले नकारात्मक प्रतिक्रिया धेरै आएको अध्ययनले देखाएको छ । कक्षा ४ को नेपाली पाठ्यपुस्तकको बाहिरी विशेषताका बारेमा ५ विद्यालयका कक्षा ४ मा अध्ययनरत ५ जना छात्र र ५ जना छात्रामा गरिएको अध्ययनलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ :-

तालिका सङ्ख्या -७

बाह्य पक्षका आधारमा विद्यार्थीका धारणा

| क.स | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | आवरण पृष्ठ राम्रो छ ? | ७० % | ३०% |
| २. | पाठ्यपुस्तक आकारगत रूपमा ठिक्कको छ ? | १००% | |
| ३. | अक्षरहरू राम्ररी बुझिने छन् ? | ६०% | ४०% |
| ४. | यो पुस्तक सर्वसुलभ (जतातते किन्न पाइने छ)? | १००% | |
| ५ | आवरणमा प्रयोग गरिएका अक्षर राम्रा छन् ? | ९०% | १०% |
| ६. | पाठ्का शीर्षकमा प्रयोग भएका अक्षर ठिक्कका छन् ? | ९०% | १०% |
| ७. | पाठ्यपुस्तकको कागज राम्रो छ ? | ५०% | ५०% |
| ८. | मुल्य सस्तो ठिक्क छ ? | ९०% | १०% |

माथिको तालिकामा पुस्तकको बाह्य पक्षका आधारमा विद्यार्थीहरूले दिएका प्रतिक्रियालाई प्रतिशतमा प्रस्तुत गतिएको छ । पाठ्यपुस्तकको आवरण पृष्ठ ७० प्रतिशत विद्यार्थीहरूले राम्रो छ भनी प्रतिक्रिया दिएका छन् भने ३० प्रतिशत विद्यार्थीले राम्रो छैन भनी आफ्नो प्रतिक्रिया दिएका छन् । त्यसैगरी पाठ्यपुस्तक सानो, ठूलो, ठिक्कको कस्तो छ? भन्ने आधारमा १०० प्रतिशत विद्यार्थीहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा भएका अक्षरहरू राम्ररी बुझिने छन् भनी ६० प्रतिशत र छैन भनी ४० प्रतिशत विद्यार्थीहरूले प्रतिक्रिया दिएका छन् । सर्वसुलभताको आधारमा १०० प्रतिशत विद्यार्थीहरूले सकारात्मक प्रतिक्रिया दिएका छन । पाठ्यपुस्तकको आवरण पृष्ठमा प्रयोग गरिएका अक्षर ९० प्रतिशत विद्यार्थीहरूको राम्रा छन् भनी प्रतिक्रिया दिएका छन् भने १० प्रतिशत राम्रा छैनन् भनी प्रतिक्रिया दिएका छन् । विद्यार्थीहरूले पाठमा शीर्षकमा प्रयोग भएका अक्षर ठिक्कका छन् भनी ९० प्रतिशत र १० प्रतिशतले छैनन् भनी आ- आफ्नो प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा प्रयोग गरिएको कागजको स्तर राम्रो छ भनी ५० प्रतिशत विद्यार्थीहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् भने ५० प्रतिशत विद्यार्थीहरूले स्तरीय छैन भनी नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकको मूल्य ९० प्रतिशत विद्यार्थीहरूले सस्तो ठिक छ भनी प्रतिक्रिया दिएका छन् भने १० प्रतिशत विद्यार्थीहरूले ठिक छैन भनी प्रतिक्रिया दिएका छन् । समग्रमा विद्यार्थीहरूले दिएका प्रतिक्रियालाई आधार मानी हेर्दा यस पुस्तकको बाहिरी पक्षमा पर्ने कागजको स्तर, आवरण पृष्ठ, अक्षर, आकार, प्रकारमा अधिकांश विद्यार्थीहरूले नकारात्मक प्रतिक्रिया दिएका छन् भने पुस्तकको आकार सर्वसुलभता जस्ता पक्षमा सबै विद्यार्थीहरूले सकारात्मक प्रतिक्रिया दिएको यो अध्ययनले देखाएको छ ।

# अध्याय - ५

## निष्कर्ष, सुझाव तथा उपयोगिता

प्रस्तुत अध्ययन नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएको कक्षा ४ को मेरो नेपाली किताब नेपालभरिका सरकारी विद्यालयहरूले कक्षा ३ मा अध्ययन गराएका छन् भने निजी विद्यालयहरूमा पनि यसको पठनपाठन हुने गरेको छ । यस परिप्रेक्ष्यमा कक्षा ४ को मेरो नेपाली किताब (२०७५) लाई आन्तरिक र बाह्य विशेषताको आधारमा अध्ययन विश्लेषण गर्नु यो शोधको प्रमुख उद्देश्य रहेको छ ।

कक्षा ४ को मेरो नेपाली किताबको अध्ययन गर्नु आफैमा एउटा जटिल कार्य हो । नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययन, नमुना अभ्यासको अध्ययन, कथा विधा, कविता विधा, शब्दभण्डारको अध्ययन भएको छ । सैद्धान्तिक, वर्णनात्मक तथा क्षेत्रभ्रमण विधिको उपयोग गरी माथिका पक्षको अध्ययन भइ सकेकाले यस अध्यायमा निम्न बमोजिम निष्कर्ष र सुझाव दिने प्रयास गरिएको छ ।

### ५.१ निष्कर्ष

कुनै पनि विषयवस्तुको अध्ययनमा दिइने निचोड नै निष्कर्ष हो । यसबाट सम्पूर्ण विषयवस्तुलाई समेटिएको हुन्छ । प्रस्तुत अध्ययन नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएको कक्षा ४ को मेरो नेपाली पुस्तकको विश्लेषणात्मक अध्ययन गरेर निम्नलिखित निष्कर्ष निकालिएको छ :-

क) कक्षा ४ को 'मेरो नेपाली किताबमा समाविष्ट विषयवस्तुले पाठ्यक्रमको निर्देशनलाई पालना गर्ने प्रयास गरेको देखिन्छ तापनि विद्यार्थीका स्तर, क्षमता र रुचिलाई समेट्ने खालका विषयवस्तु पाठ्यपुस्तकमा पर्याप्त मात्रामा नरहेको पाइयो ।

ख) यस पाठ्यपुस्तकमा विद्यार्थीलाई अनुशासित गराउने विषयवस्तु पर्याप्त मात्रामा रहेको पाइयो ।

ग) पाठ्यपुस्तकमा राखिएका पाठहरू पाठ्यक्रमको उद्देश्यअनुरूप नै रहेका छन् तर विधा समायोजनमा भने अझ विचार पुऱ्याउनु पर्ने देखियो ।

घ) पाठ्यपुस्तकमा पाठ्यविधाको रखाइक्रम नमिलेको पाइयो ।

ङ) पाठ्यपुस्तकमा विद्यार्थीका स्तरअनुरूप पाठका लमाइ नरहेको पाइयो ।

च) यो पाठ्यपुस्तकमा विद्यार्थीका क्षमता अनुकूल हुने खालका भाषाशैलीको प्रयोग गर्ने कोसिस गरिएको छ । सगरमाथा प्रबन्ध तथा म को हुँ ? प्रबन्ध जस्ता पाठमा प्रयोग भएका भाषाशैली भने कक्षा ४ का विद्यार्थीका निम्ति तुलनात्मक रूपमा जटिल रहेको देखियो ।

छ) पाठ्यपुस्तकमा व्याकरणगत शुद्धता रहेको पाइयो ।

ज) यो पाठ्यपुस्तकको प्रत्येक पाठपछि दिइने नमुना अभ्यासको समानुपातिक वितरण नभइ कतै कम कतै धेरै रहेको पाइयो ।

झ) यो पाठ्यपुस्तकमा सिपगत अभ्यासहरू समान रूपमा प्रस्तुत भएका छैनन्, पढाइ सिप सम्बन्धी अभ्यास कम रहेको पाइन्छ ।

ञ) प्रत्येक पाठमा दिइएका अभ्यासको निर्देशन रातो मसीले लेखेर विद्यार्थीको ध्यानाकर्षण गराउने खालका पाइयो ।

ट) यो पाठ्यपुस्तकमा विधासँग सम्बन्धित अभ्यास पर्याप्त मात्रामा रहेको पाइयो ।

ठ) यो पाठ्यपुस्तकका अभ्यासहरूले विद्यार्थीका कठिनाइ पक्षलाई ध्यान नपुऱ्याएको पाइयो ।

ड) पाठ्यपुस्तकमा उपयुक्त चित्रको छपाइ भएको देखियो ।

ढ) पाठ्यपुस्तकमा विषयगत धारणा दिने चित्र कम रहेका पाइयो ।

ण) पाठका भावनात्मक विचारलाई मूर्त रूप दिन सक्ने चित्र पाठ्यपुस्तकमा कम रहेको पाइयो ।

त) यो पाठ्यपुस्तकमा अधिकांश रूपमा रङ्गिन चित्रको प्रयोग देख्न सकिन्छ । चित्रलाई पाठको मर्मअनुरूप नै प्रस्तुत गर्ने कोसिस गरिएको छ ।

थ) यस पाठ्यपुस्तकमा अक्षरअक्षर बिचको दुरी शब्दशब्द बिचको दुरी, अनुच्छेदअनुच्छेद बिचको दुरी उपयुक्त नै रहेको देखियो ।

द) यो पाठ्यपुस्तकको बँधाइ कमजोर रहेको पाइयो ।

ध) यो पाठ्यपुस्तकमा धमिलो रङ्को खस्रो कागतको प्रयोग गरिएको छ तर कक्षा ३ का लागि यो कागत अलि कमजोर र पातलो रहेको देखियो ।

## ५.२. सुझाव

कक्षा ४ को पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन शीर्षकमा गरिएको अध्ययन अनुसन्धानबाट भएको प्राप्ति तथा निष्कर्षको आधारमा निम्नलिखित सुझाव दिइएको छ :-

क) पाठ्यपुस्तकका विषयवस्तु विद्यार्थीका आवश्यकता अनुकूलका हुनुपर्ने,

ख) पाठ्यपुस्तकमा विद्यार्थीलाई स्वावलम्बी बनाउने विषयवस्तुहरू समावेश गर्नुपर्ने,

ग) पाठ्यपुस्तकमा पाठ्यविधाको रखाइक्रम उपयुक्त बनाउनु पर्ने,

घ) विद्यार्थीहरूलाई बुझ्न अप्ठ्यारा/कठिन पाठहरूलाई सरलीकृत गरी पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने,

ङ) पाठ्यपुस्तकमा विषयवस्तु छनोट तथा स्तरणको क्रमअनुरूप हुनुपर्ने,

च) विद्यार्थीका क्षमता अनुकूलको भाषाको प्रयोग गर्नुपर्ने,

छ) भाषिक सिप विकास गर्ने अभ्यास पर्याप्त मात्रामा समावेश गर्नुपर्ने,

ज) पाठ्यपुस्तकमा प्रयोग गरिने अभ्यासका क्रियाकलापहरू विद्यार्थीका स्तर, रुचि र उमेरसँग मेल खाने किसिमका बनाउनु पर्ने,

झ) प्रयोगात्मक अभ्यासलाई प्राथमिकतामा राख्नु पर्ने,

ञ) पाठमा प्रयोग भएका चित्रले पाठका धारणालाई प्रस्ट पार्न सक्ने हुनुपर्ने,

ट) चित्रका छपाइ स्तरीय बनाउनु पर्ने,

ठ) पाठ्यपुस्तकको बाहिरी आवरण पृष्ठमा राम्रोसँग प्लाष्टिक कभर गर्नुपर्ने,

ड) पाठ्यपुस्तकमा गुणस्तरीय कागतको प्रयोग गर्नुपर्ने र

ढ) पाठ्यपुस्तकको बँधाइ मजबुत बनाउनु आवश्यक देखिने ।

## ५.३. उपयोगिता

यो अध्ययनका उपयोगिताहरू नीतिगत तह र कार्यान्वयन तहमा रहेका छन् ।

### ५.३.१. नीतिगत तह

यो अध्ययनको नीतिगत तहका उपयोगिताहरूलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :-

क) प्रस्तुत अध्ययनले तहअनुसारको कक्षागत सामग्री सङ्कलनमा सचेत गराउने छ ।

ख) यो पाठ्यपुस्तकको विश्लेषणबाट यस पाठ्यपुस्तकका सबल र दुर्बल पक्षको पहिचान गरी निराकरण गर्न सहयोग पुग्नेछ ।

ग) पाठ्यपुस्तक निर्माण कर्तालाई पाठ्यपुस्तकमा रहेका समस्या निराकरण गर्न सहयोग पुग्छ ।

घ) यो अध्ययनले पाठ्यपुस्तक तयार गर्ने व्यक्ति वा समूहलाई भाषापाठ्यपुस्तकका आन्तरिक तथा बाह्य पक्षमा स्तर अनुकूलता अपनाउनु पर्ने आवश्यकताको बोध गराउने छ ।

ङ) पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको शैक्षिक, सामाजिक र मनोवैज्ञानिक पक्षको ख्याल गर्नु पर्नेछ ।

च) प्रस्तुत अध्ययनले भाषापाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्न इच्छुक शोधार्थीलाई शोध कार्य गर्न केही मात्रामा भएपनि सहयोग पुऱ्याउने छ ।

यिनै कारणहरूले गर्दा यो अध्ययनको नीतिगत तहमा उपयोगिता छ ।

### ५.३.२ कार्यान्वयन तह

यो अध्ययनका कार्यान्वयन तहका उपयोगितालाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :-

क) नेपाली पाठ्यपुस्तक भित्र रहेका समस्या समाधान गर्न सहयोग पुग्छ ।

ख) विद्यार्थीका रुचि पक्ष थाहा पाउन सकिन्छ ।

ग) पाठ्यपुस्तकका आन्तरिक र बाह्य समस्याको जानकारी प्राप्त हुन्छ ।

घ) नेपाली अध्यापनरत शिक्षकलाई पाठ्यपुस्तकका बारेमा थप कुरा थाहा पाउन सहयोगी हुन्छ ।

ङ) के कस्ता कुरा पाठ्यपुस्तकमा समावेश गर्दा थप प्रभावकारी हुन्छ भन्ने कुरा पहिचान गर्न सकिन्छ ।

च) पाठ्यपुस्तकसम्बन्धी थप ज्ञान प्राप्त गर्न सहयोगी हुन्छ ।

यिनीहरूका साथै नीतिगत तहमा उल्लेखित नीतिको कार्यान्वयनमा सहयोग पुग्ने छ ।

## ५.४ आगामी अनुसन्धानका लागि शीर्षकहरू

अनुसन्धान कार्य निरन्तर चलिरहने हुनाले अनुसन्धान कर्ताले भावी अनुसन्धानका लागि निम्नलिखित शीर्षकहरू दिएर अनुसन्धान कार्य गर्न सक्ने छन् :-

क) कक्षा ४ को मेरो नेपाली किताबमा (२०७५) प्रयोग भएका शब्दहरूको अध्ययन ।

ख) कक्षा ४ को मेरो नेपाली किताबमा (२०७५) प्रयोग भएका अभ्यासहरूको अध्ययन ।

ग) कक्षा ४ को मेरो नेपाली किताबमा (२०७५) प्रयोग भएका चित्रहरूको अध्ययन ।

घ) कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकमा (२०७५) राखिएका कविताहरूको अध्ययन ।

## सन्दर्भ सूची


ओझा, रमेश (२०७२), **हाम्रो नेपाली किताब र रसिलो नेपाली किताबको तुनलात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

कार्की, डिसन र अन्य (२०६९), **भाषापाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, गठ्ठाघर, भक्तपुर : सारथि पब्लिकेसन प्रा.लि

कार्की, फौदसिंह (२०६२), **भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तक मूल्याङ्कनका आधारमा कक्षा दुईको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

ढकाल, टिकादत्त (२०७२), **कक्षा २ को मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शिक्षा, शोधपत्र, शिक्षाशास्त्र, सुकुना बहुमुखी क्याम्पस, कोसीहरैँचा, मोरङ ।

ढकाल, शान्तिप्रसाद (२०७३), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौ : पिनाकल पब्लिकेसन प्रा.लि ।

न्यौपाने, दीपकप्रसाद (२०७३), **नेपालको भाषिक परिदृश्य संज्ञान**, मोरङ : नेपाली शिक्षण समिति, सुकुना बहुमुखी क्याम्पस ।

पौडेल, माधवप्रसाद (२०७३), **प्रायोगिक भाषाविज्ञानका आयामहरू**, काठमाडौँ : हेरिटेज पब्लिर्सस एण्ड डिस्ट्रिव्युटर्स प्रा.लि ।

फुयाँल, सरस्वती (२०६२), **कक्षा ८ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र, त्रि.वि. कीर्तिपुर ।

बिष्ट, फुलमाया (२०६४), **कक्षा ३ को मेरो नेपाली किताब र हाम्रो सजिलो नेपालीको तुलनात्मक अध्ययन**, अप्रकाशित, स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र सुकुना बहुमुखी क्याम्पस, कोसी हरैँचा, मोरङ ।

श्रेष्ठ, सन्तोषी (२०६८), **कक्षा २ को मेरो नेपाली किताबको विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र, त्रि.वि कीर्तिपुर ।

सापकोटा, दीपक (२०६७), **कक्षा ७ को नेपाली शृङ्खलाको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र, त्रि.वि. कीर्तिपुर ।

सुवेदी, मनोज (२०७४), **पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा दसको नेपाली पाठ्यपुस्तकको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

## शिक्षकवर्गका लागि प्रश्नावली

शिक्षकको नाम -

ठेगाना -

-अस्थायी/ हाल -

विद्यालयको नाम -

योग्यता -

तालिम -

अनुभव -

................................ ज्यू

..........................................

महोदय,

प्रस्तुत विषयमा म सुरेशमाया राईले जनता बहुमुखी क्याम्पसबाट स्नातकोत्तर दोस्रो वर्षको शोधकार्यका लागि कक्षा ४ को मेरो नेपाली किताबको बाह्य आन्तरिक विशेषताको आधारमा विश्लेषण भन्ने शीर्षकमा अनुसन्धान गर्ने शिलशिलामा सम्बन्धित तहको पाठ्यपुस्तकमा ज्ञान भएको तथा शिक्षण गर्ने शिक्षकलाई प्रश्न सोध्नुपर्ने अनिवार्य भएकोले यो प्रश्नावली तयार पारेकी छु । यो प्रश्नावली भरेर सहयोग गरिदिनुहुने यहाँलाई हार्दिक अनुरोध गर्दछु । तपाईंद्वारा यहाँ व्यक्त विचार धारणालाई यही प्रयोजनबाहेक तपाईंको पूर्वस्वीकृति बिना अन्यत्र कतै पनि प्रयोग गरिने छैन । यसको गोपनियतालाई पूर्णरूपमा ख्याल गरिने छ भन्ने विश्वास पनि दिलाउने छु ।

## विश्लेषणका आधारहरू

आन्तरिक पक्ष : पाठ्यपुस्तकको आन्तरिक पक्षमा निम्न वमोजिमका कुराहरू समावेश छन् छैनन् कृपया उत्तर दिनुहोस् :-

| क.स | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| **क** | **विषयवस्तु** | **छ** | **छैन** |
| १. | विद्यार्थी केन्द्रित विषयवस्तु | | |
| २. | राष्ट्रिय भावना जगाउने विषयवस्तु | | |
| ३. | सांस्कृतिक भावना जगाउने विषयवस्तु | | |
| ४. | विद्यार्थीको आवश्यकता अनुकूलको विषयवस्तु | | |
| ५ | अनुशासित गराउने विषयवस्तु | | |
| ६. | स्वावलम्वी बनाउने विषयवस्तु | | |
| ७. | विषयवस्तुको स्तरयुक्तता | | |
| ख. | विषयवस्तुको सङ्गठन तथा प्रस्तुति | | |
| १. | पाठ्यविधाको रखाइक्रमको उपयुक्तता | | |
| २. | शीर्षक सान्दर्भिक | | |
| ३. | छनोट तथा स्तरणको क्रम | | |
| ४. | सरलबाट जटिलताको क्रम | | |
| ५. | विद्यार्थीको स्तर अनुरुपको पाठको लमाइ | | |
| ६. | वाक्यको र अनुच्छेदको लमाइको उपयुक्तता | | |
| **ग** | **पाठ्यविधाको भाषिक पक्ष** | **छ** | **छैन** |
| १. | विद्यार्थीको क्षमता अनुकूलको भाषाको पक्ष | | |
| २. | पाठ्यक्रम अनुसार सुनाइ सिपमा ध्यान | | |
| ३. | पाठ्यक्रम अनुरूप पढाइ सिपमा ध्यान | | |
| ४. | पाठ्यक्रम अनुरुप बोलाइ सीपमा ध्यान | | |
| ५ | पाठ्यक्रम अनुरुप लेखाइ सिपमा ध्यान | | |
| ६. | वाक्यगत ढाँचामा सरलबाट जटिलतिरको क्रम | | |
| ७. | व्याकरणगत शुद्धताको स्तर | | |

| घ. | **अभ्यास** | **छ** | **छैन** |
|---|---|---|---|
| १. | पाठ्यक्रकको उदेश्यअनुरुप नमुना अभ्यास | | |
| २. | भाषिक सीप विकास गर्ने क्रम | | |
| ३. | सरलबाट जटिलताको क्रम | | |
| ४. | विद्यार्थीको सिर्जनात्मक पक्ष उकास्ने | | |
| ५ | आगमन विधिको प्रयोग | | |
| ६. | विधासँग सम्बन्धित अभ्यास | | |
| ७. | विद्यार्थीको कठिनाइ पक्षमा ध्यान | | |
| ८. | विद्यार्थीको उमेर, क्षमता र पूर्वअनुभवको ख्याल | | |
| ९. | प्रश्नको स्पष्टता | | |
| १०. | प्रयोगात्मक अभ्यासको स्तर | | |
| **ङ** | **चित्र पक्ष** | **छ** | **छैन** |
| १. | उपयुक्त चित्रको छपाइ | | |
| २. | विषयगत धारणा दिने | | |
| ३. | पाठमा भावनात्मक विचारहरू मूर्तरूप दिन सक्ने | | |
| ४. | चित्रको उमेरगत दृष्टिले उपयुक्त | | |
| ५ | रङ्गिन चित्रको प्रयोग | | |
| ६. | विद्यार्थीको पाठप्रति सकारात्मक धारणा दिने चित्र | | |

पाठ्यपुस्तकको बाह्य पक्षका निम्नलिखित कुराहरू पाठ्यपुस्तकमा के कस्ता उपयुक्त रूपमा पाउनु हुन्छ ? छ वा छैन भनी कृपया आफ्नो उत्तर दिनुहोस् ।

| क.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | पाठ्यपुस्तक झल्काउने आवरण पृष्ठ | | |
| २. | पाठ्यपुस्तकको उपयुक्त आकार | | |
| ३. | छपाइको स्तर | | |
| ४. | शब्द बिचको उपयुक्त दुरी | | |
| ५ | अनुच्छेद/अनुच्छेद बिचको उपयुक्त दुरी | | |
| ६. | आवरण पृष्ठमा प्रयोग गरिएको अक्षरको स्तर | | |
| ७. | पाठका शीर्षकमा प्रयोग भएका अक्षरको स्तर | | |
| ८. | पाठमा प्रयोग भएको अक्षरको स्तर | | |
| ९. | कागजको स्तर | | |
| १०. | विषयसूचीको रखाइको उपयुक्त क्रम | | |
| ११. | सर्वसुलभता र मूल्य | | |

## पारिशिष्ट-दुई

## विद्यार्थीवर्गका लागि प्रश्नावली

विद्यार्थीको नाम - ..........................

कक्षा-४

रोल्न.-५

विद्यालयको नाम : जनता नमुना मा.वि गुरुङ्चौरी

प्रिय विद्यार्थी भाइबहिनीहरू !

प्रस्तुत विषयमा मैले जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीबाट स्नातकोत्तर तह दोस्रो वर्षको शोधकार्यका लागि कक्षा ४ को मेरो नेपाली किताबको बाह्य र आन्तरिक विशेषताका आधारमा विश्लेषण भन्ने शीर्षकमा अनुसन्धान गर्न सम्बन्धित तहको पाठ्यपुस्तक अध्ययन गर्ने विद्यार्थीलाई समेत प्रश्न सोध्नुपर्ने भएकाले कसैको करकापमा नपरी आफ्नो इच्छाले यो प्रश्नावली भरेर सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु । तपाइँद्वारा यहाँ व्यक्त विचार धारणालाई यही प्रयोजनबाहेक तपाइँको पूर्णस्वीकृति बेगर अन्यत्र कतै पनि प्रयोग नगरी यसको गोपनियतालाई पूर्ण रूपमा ख्याल गरिने छ भन्ने विश्वास पनि दिलाउँछु ।

## विद्यार्थीहरूको विश्लेषण

## बाह्य पक्षका वा आधार

| क.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | आवरण पृष्ठ राम्रो छ ? | | |
| २. | अक्षरहरू राम्ररी बुझिने छन् ? | | |
| ३. | पाठ्यपुस्तक सानो ठूलो ठिक्कको के छ ? | | |
| ४. | यो पुस्तक सर्वसूलभ (जततातातै) किन्न पाइने/भेटिने छ ? | | |
| ५ | आवरण पृष्ठमा प्रयोग गरिएको अक्षर राम्रा छन ? | | |
| ६. | पाठका शीर्षकमा प्रयोग भएका अक्षर ठिक्कका छन ? | | |
| ७. | पाठ्यपुस्तकको कागज राम्रो छ ? | | |
| ८. | मूल्य सस्तो ठिक्क छ ? | | |

## पारिशिष्ट एक

## शिक्षकलाई सोधिएका प्रश्नहरू

१  कक्षा ४ को नेपाली पाठ्यपुस्तकमा कुन कुन पाठ विद्यार्थीहरूका लागि रुचिपूर्ण भएको अनुभव गर्नुभएको छ ? किन ?

..........................................................................................................

२. विद्यार्थीहरूको स्तरभन्दा माथिका पाठहरू कुन कुन भएको महसुस गर्नुभएको छ ? किन ?

..........................................................................................................

३. यस पाठ्यपुस्तकमा विद्यार्थीहरूका लागि के कस्ता समस्याहरू उत्पन्न भएका छन् ?

..........................................................................................................

४. यस पाठ्यपुस्तकमा तत्काल सुधार गर्नुपर्ने केही कमजोरी छन् ?

..........................................................................................................

५. समग्रमा यस पाठ्यपुस्तकमा सुधार गर्न आफ्ना तर्फबाट कुनै सुझावहरू छन् कि ?

..........................................................................................................

सहयोगका लागि धन्यवाद

सुरेश माया राई

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग

स्नातकोत्तर तह दोस्रो बर्ष

इटहरी,सुनसरी

## व्यक्तिवृत्त

नाम : सुरेश माया राई

जन्म मिति : २०३९/०८/२५

जन्म स्थान : वेलका नगरपालिका वार्ड नं.७ उदयपुर

मातापिता : विदुरमान राई / भुलमाया राई

राष्ट्रियता : नेपाली

नागरिकता : ४२०५५/२८२४

वैवाहिक स्थिति : विवाहित

भाषिक ज्ञान : नेपाली, हिन्दी, अङ्ग्रेजी

स्थायी ठेगाना : वेलका नगरपालिका वार्ड नं.९ उदयपुर

सम्पर्क ठेगाना : वेलका नगरपालिका वार्ड नं.९ उदयपुर

सम्पर्क नम्बर : ९८११०५८२११

इमेल : sureshmayarai316@gmail.com

शैक्षिक योग्यता

| साल | तह | सङ्काय | संस्था | श्रेणी |
|---|---|---|---|---|
| २०५७ | प्रवेशिका | - | बोर्ड अफ एस.एल.सी. | तृतीय |
| २०६९ | आई.एड. | शिक्षा | त्रि.वि. | तृतीय |
| २०७३ | स्नातक | शिक्षा | त्रि.वि. | तृतीय |
| २०७८ | स्नातकोत्तर | शिक्षा | त्रि.वि. | अध्ययनरत |